मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ३ • अंक २३८ • २०८२ साल असार २७ गते शुक्रबार • Friday 11, July 2025 • सूर्योदय: बिहान ५:१९ बजे • सूर्यास्त: साँझ ७:०३ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## मधेश प्रदेश 'सुख्खाग्रस्त क्षेत्र' घोषणा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले समयमै वर्षा नहुँदा कृषि उत्पादनमा परेको असरलाई मध्यनजर गर्दै प्रदेशलाई औपचारिक रूपमा 'सुख्खाग्रस्त क्षेत्र' घोषणा गरेको छ ।

बिहीबार साँझ बसेको मन्त्रिपरिषद बैठकले विगतका वर्षहरूमा असार महिनासम्म रोपाइँ सम्पन्न हुने गरिरहे पनि यस वर्ष पर्याप्त वर्षा नहुँदा धान रोपाइँमा समस्या उत्पन्न हुनुका साथै रोपिएका खेतमा समेत धाँजा फाट्न थालेको अवस्थालाई ध्यानमा राख्दै यो निर्णय गरेको हो । बैठकले संघीय सरकारलाई विशेष राहत प्याकेज घोषणा गर्न आग्रह गर्ने निर्णय पनि गरेको छ । त्यसैगरी, कृषि क्षेत्रमा क्रियाशील दातृ निकायहरूलाई पनि प्रभावित क्षेत्रका किसानहरूलाई सहयोग गर्न आग्रह गरिएको छ । मन्त्रिपरिषद बैठकले मधेश प्रदेशका विभिन्न जिल्लामा देखिएको खानेपानी संकटलाई गम्भीर रूपमा लिँदै पर्साको वीरगंजलगायत स्थानहरूमा पानी आपूर्ति सुनिश्चित गर्न ट्याङ्कर लगायतका माध्यमबाट स्रोत साधन परिचालन गर्ने निर्णय समेत गरेको छ । खानेपानी संकट समाधानमा संघीय सरकारको सहयोग आवश्यक भएको भन्दै खानेपानी मन्त्रालयलाई आवश्यक सहयोग गर्न आग्रह गरिएको छ ।

# असार २५ गते मात्रै ८ अर्ब २६ करोड ५० लाखको चेक काटियो

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८१–८२ मा कुल विनियोजित बजेटको ७१.४८ प्रतिशत खर्च गरेको छ । यो प्रदेश स्थापना यताकै सबैभन्दा उच्च बजेट खर्च हो । प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार चालु आर्थिक वर्षमा सरकारद्वारा विनियोजित ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार रुपैयाँमध्ये ३१ अर्ब ३७ करोड ५२ लाख ४४ हजार रुपैयाँ खर्च गरिएको छ । शुरुका चौमासिकमा खर्चको अवस्था निकै कमजोर देखिए पनि अन्तिम महिनामा ८ अर्ब रुपैयाँभन्दा बढी खर्च भएसँगै कुल खर्च प्रतिशत उल्लेखनीय रूपमा बढेको हो ।



अर्थ मन्त्रालय स्रोतका अनुसार, ढिलो गरी योजनाको ठेक्का सम्झौता हुनु र ती योजनाको भुक्तानी अन्तिम महिनामा केन्द्रित हुनु बजेट खर्च अत्यधिक देखिनुको मुख्य कारण हो । मधेश सरकारले चालु तर्फ ६४.६४ प्रतिशत र पुँजीगततर्फ ७१.१४ प्रतिशत बजेट खर्च गरेको हो । मन्त्रालयतर्फ भौतिकपूर्वाधार विकास मन्त्रालयले सबैभन्दा बढी रकम खर्च गरेको छ । भौतिक मन्त्रालयले विनियोजित बजेटको ७८.२० प्रतिशत बजेट खर्च गरेको छ भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सबै भन्दा कम ३४.०६ प्रतिशत बजेट खर्च गरेको हो ।

यस्तै, वन तथा वातावरण मन्त्रालयले विनियोजित बजेटको ७७.४५ प्रतिशत, शिक्षा तथा संस्कृति मन्त्रालयले ७७.३१ प्रतिशत, ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालयले ७५ प्रतिशत, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले ७३.६५ प्रतिशत बजेट खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ । गृह सञ्चार तथा कानून मन्त्रालयले विनियोजित बजेटको ७२.९२ प्रतिशत बजेट खर्च गर्दा खेलकुद तथा समाज कल्याण मन्त्रालयले ६९.३१ प्रतिशत, स्वास्थ्य तथा जनसंख्यामन्त्रालयले ६५.५३ प्रतिशत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ४३.५५ प्रतिशत र श्रम तथा यातायात मन्त्रालयले ३८.१९ प्रतिशत बजेट खर्च गरेको छ ।

### अन्तिमदिन ८ अर्बभन्दा बढी खर्च

मधेश सरकारले चालु आव २०८१–८२ मा हालसम्मकै सबैभन्दा बढी रकमखर्च गर्दा आर्थिक वर्ष सकेको अन्तिम दिन असार २५ गते कुल विनियोजित बजेटको १८.८३ प्रतिशत खर्च गरेको हो । प्रदेश लेखा नियन्त्रकको कार्यालयकाअनुसार मधेश सरकारले असार २५ गते ८ अर्ब २६ करोड ५५ लाख ४० हजार ७ सय ६९ रुपैयाँ खर्च गरेको हो । भौतिक पूर्वाधार विकास मन्त्रालयले आर्थिक वर्षको अन्तिम दिन बुधबार ३ अर्ब २४ करोड १९ लाख ४७ हजार ५ सय ४४.६५ रुपैयाँ खर्च गरेको हो । यो मन्त्रालयद्वारा खर्च गरिएको कुल बजेटको २९ प्रतिशत हो ।

यस्तै, ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालयले अन्तिम दिन १ अर्ब ३९ करोड ८ लाख १३ हजार २ सय ८४.८२ रुपैयाँ खर्च गरेको हो । यो मन्त्रालयले खर्च गरेको कुल बजेटको ३२.५६ प्रतिशत हो । स्वास्थ्य मन्त्रालयले अन्तिम दिन १ अर्ब २ करोड ८९ लाख ३१ हजार ८ सय ३२.७८ रुपैयाँ खर्च गरेको हो ।

यस्तै, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले अन्तिम दिन ७८ करोड ६९ लाख २४ हजार ७ सय ३४.८१ रुपैयाँ खर्च गरेको हो । खेलकुद तथा समाज कल्याण मन्त्रालयले अन्तिम दिन ५१ करोड ३६ लाख ४७ हजार ९ सय ९१.५३ रुपैयाँ खर्च गरेको हो । शिक्षा तथा संस्कृति मन्त्रालयले अन्तिम दिन ४५ करोड ९७ लाख ७९ हजार ८ सय ९०.८० रुपैयाँ खर्च गरेको हो ।

यस्तै, वन तथा वातावरण मन्त्रालयले अन्तिम दिन २२ करोड १७ लाख ४२ हजार ५ सय ७३.०८ रुपैयाँ खर्च गरेको तथ्यांक छ । गृह, सञ्चार तथा कानून मन्त्रालयले १६ करोड १४ लाख ४७ हजार १ सय ७५.९० रुपैयाँ, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले अन्तिम दिन १४ करोड ९५ लाख ८९ हजार ९ सय ५८.५१ रुपैयाँ खर्च गरेको हो ।

श्रम तथा यातायात मन्त्रालयले अन्तिम दिन ५ करोड ५२ लाख ८ हजार ७ सय ५१.४४ रुपैयाँ खर्च गर्दा, अर्थ मन्त्रालयले १ करोड ८९ लाख ९१ हजार ५१ र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १ करोड ६३ लाख ९६ हजार ३ सय ३० रुपैयाँ खर्च गरेको तथ्यांक छ ।

### बजेट खर्च बढेकामा मुख्यमन्त्रीले दिए धन्यवाद

मधेश सरकार स्थापना भएको सात वर्षमा यस वर्ष बजेट खर्चमा निकै वृद्धि भएकामा मुख्यमन्त्री सतिश कुमार सिंहले सम्बधिन्त पक्षलाई धन्यवाद दिएका छन् । प्रदेश सभाको बैठकमा बोल्दै मुख्यमन्त्री सिंहले अहिलेसम्मको सबैभन्दा बढी विकास खर्च हुनुले कर्मचारीको सहयोगको कारणले सम्भव भएको बताए । उनले मधेशमा देखा परेको खानेपानीको समस्या समाधान गर्न सरकार क्रियाशील रहेको बताउँदै पानीको समस्यालाई समाधान गर्न सरकार गम्भीर रहेको बताए ।

उनले सरकार खानेपानी र मधेशमा देखा परेको सिँचाइको समस्या समाधानका लागि गम्भीर रहेको बताए ।

## कार्यदलमा मन्त्रीको नाम राखेपछि विवाद

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले ल्याएको बजेटमा बिचौलिया हाबी रहेको भन्दै विपक्षी दलहरुले गर्दै आएको प्रदेश सभाको बैठक अवरोधको निकास खोज्ने विषयमा दलहरुबीच कार्यदल बनाउने सहमति भएपछि कार्यदलमा मन्त्रीको नाम राखिएपछि सहमति हुनसकेको छैन । बजेट छानबिन गर्न बनेको कार्यदलमा मन्त्रीको नाम राखेपछि प्रतिपक्षी दलले आपत्ति जनाएका छन् ।

प्रतिपक्षीको अवरोधपछि बैठक १० मिनेटका लागि स्थगित भएको र पछि दलहरुको बैठकमा सहमति नभएपछि असार २८ गते सम्मका लागि प्रदेश सभाको बैठक स्थगित भएको छ । विपक्षी दलहरुले कार्यदलमा मन्त्रीको नाम राखेकामा आपत्ति जनाउदै विरोध जनाएका थिए भने सत्ता पक्षले भने मन्त्रीको नाम कार्यदलबाट हटाउन नमानेपछि विवाद यथावत छ । चार दिनदेखि विपक्षी दलहरुले गर्दै आएको प्रदेश सभा अवरोधको कारणले गर्दा बजेटमाथि छलफल समेत शुरु हुन सकेको छैन । अब सरकारसामु दुई दिन भित्रमा बजेट पारित गराउन छलफल गराउने बाध्यता छ ।

सभामुख रामचन्द्र मण्डलले बजेट सम्बन्धमा छानबिन गर्न ६ सदस्यीय कार्यदल गठन गरेका थिए । कार्यदलमा नेकपा एमालेका संसदीय दलका नेता एवम् भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवको नाम समावेश गरेपछि जनता समाजवादी पार्टी, नेपालले आपत्ति जनाएको हो ।

जसपा, नेपालका प्रमुख सचेतक रामअशिष यादवले बजेटमा देखिएको लुटिलाई हटाउन कार्यदल गठन भएको भन्दै कार्यदलमा सत्तापक्ष र प्रतिपक्षका सांसद मात्र रहन पाउने बताए । उनले जसको विरुद्धमा समिति बनेको छ, त्यही बस्दा कसरी निष्पक्षरुपमा काम हुन सक्छ, त्यसकारण मन्त्रीलाई नराखेर अन्य सत्ता पक्षका व्यक्तिलाई राख्दा सहज हुने अवस्था आउने बताउदै पार्टीबाट अन्य कुनै पनि सदस्यलाई राख्न आग्रह गरे ।

जवाफमा मुख्यमन्त्री सतिश कुमार सिंहले बैठकअघि भएको सहमतिमा यो कुरा उल्लेख नभएको बताए । उनले प्रतिपक्षी दलले भएको सहमतिलाई तोड्ने प्रयास गरिरहेको टिप्पणी गरे । जसपा नेपालले विवाद गरेपछि बैठक सहमतिको लागि बसेपछि सत्ता पक्षले मन्त्रीको नाम कुनै पनि हालतमा नहटाउने अडान लिएपछि सहमति हुन सकेन ।

सभामुख मण्डलले कार्यदलका लागि संयोजकमा आफैँ रहने तथा सदस्यहरुमा जसपाका प्रमुख सचेतक रामअशिष यादव, माओवादी केन्द्रका सांसद जवाहरलाल कुशवाहा, नेकपा एसका प्रमुख सचेतक कनिष पटेल, एमालेका संसदीय दलका नेता एवम् भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादव र नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णा यादव रहेको सदनलाई जानकारी गराएका थिए ।

# चुरे संरक्षणमा सबै लागौँ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मुख्यमन्त्री सतिश कुमार सिंहले वातावरणीय असन्तुलन सबैका लागि चिन्ताको विषय भएको बताएका छन् । मौसमको प्रतिकुलता र वातावरणीय असन्तुलनले प्राकृतिक प्रकोप बढने खतरा रहेको बताउँदै मुख्यमन्त्री सिंहले चुरे संरक्षणमा तिनै तहका सरकारको साझा प्रयास आवश्यक रहेको बताए ।

राष्ट्रपति चुरे तराइ मधेश संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन इकाई जनकपुरधामद्वारा आयोजित प्रदेशस्तरीय सोत परिचालन समिति तथा प्रदेश सवन्मय समितिको संयुक्त बैठकको विहिवार धनुषाको लालगढ़मा उद्घाटन गर्दै मुख्यमन्त्री सिंहले पछिल्लो समय खोलाको सतह बढ्दै जानु खतरापूर्ण रहेको बताए ।

चुरेको मरुभूमिकरण रोक्न र नदीको संरचनाको सुरक्षाका लागि नदीजन्य पदार्थको वातावरणमैत्री उत्खनन गर्नुपर्नेमा जोड दिदै मुख्यमन्त्री सिंहले वातावरणमैत्री उत्खननबाट प्राप्त नदीजन्य पदार्थको निर्यातमार्फत आम्दानीसमेत वृद्धि गर्नेतर्फ अग्रसर हुनुपर्नेमा जोड़ दिए ।









# ‘...त्यसपछि ढुक्कले सुत्न पाइयो’



**सिरहा ।**
आजभन्दा करिब १५ वर्षअगाडि अर्थात् विसं २०६७ असार महिना हुँदो हो । एक दिन मध्यरात, लहान–१३ स्थित पक्की टोल गहिरो निद्रामा थियो । त्यसैबखत गाउँमा अचानक डाँकाहरूको समूह गाउँमा पस्यो । ढोका फोड्दै, मान्छे कुट्दै र धनमाल लुट्दै ताण्डव मच्चायो । त्यसको एक साक्षी हुन् अस्मिन राउत । ‘त्यो घटना वास्तवमै कहालिलाग्दो थियो । हुन त त्यस्ता कैयौँ त्रासदीपूर्ण रातहरू भोग्नुपर्यो हाम्रो बस्तीले, ती घटना सम्झिदाँ पनि नरमाइलो लाग्छ’, उनले भने । डकैतीका शृङ्खलाबद्ध घटना, गाउँमा भय । प्रहरीलाई खबर गरे पनि समयमै नपुग्ने । लहान बजारबाट यहाँ प्रहरी आउँदासम्म डाँकाहरू कुलेलम ठोकिसकेका हुन्थे । २०६७ सालको असार महिनामको त्यो डकैतीको घटनाले गाउँमा नयाँ मोड लियो । उक्त घटनापछि युवाहरू जागे, गाउँको सुरक्षाका लागि आवाज उठाउन थाले । ‘हो, त्यो घटना डरदाग्दो थियो, तर त्यही दिनबाट हाम्रो आँखा खुल्यो ।

त्यसपछि तत्कालीन गृहमन्त्री भीम रावलसमक्ष गाउँको दयनीय अवस्था प्रस्तुत गर्‍यौँ । स्थानीयको आग्रह र दबाबपछि तत्कालै पक्की टोलमा अस्थायी प्रहरी चौकी स्थापना गरियो’, राउतले भने, ‘प्रहरी चौकी स्थापना भएसँगै गाउँको अवस्था फेरियो । त्यसयता हामीले कुनै डकैतीको त्रास व्यहोर्नु परेको छैन । रातमा गहिरो निद्रा सुत्न पाएका छौँ ।’ त्यही घटनापछि लहानको ग्रामीण भेगमा पर्ने वडा नं १३, १४ र २४ लाई पायक पर्नेगरी पक्की टोलमा अस्थायी प्रहरी चौकी बनेको थियो । त्यसले गाउँमा साँच्चै शान्ति फर्कियो । रात परेपछि ढोका थुनेर बस्नुपर्ने बाध्यता हट्यो । बालबालिका ढुक्कसँग बाहिर खेल्न थाले । महिलाहरू बिहान–साँझ खेतबारी जान थाले । गाउँलेमा पुनः आत्मविश्वास आयो । डकैतको त्रास मेटिएपछि गाउँमा शान्ति त फर्कियो । समयसँगै समुदाय र प्रहरीबीचको सम्बन्ध पनि गहिरिँदै गयो । तर, जीर्ण भवनबाट प्रहरीका लागि सेवा प्रवाह सहज थिएन । बर्सातमा पानी चुहिने, हिउँदमा धुलोले भरिने समस्या थियो । त्यसपछि गाउँलेहरूले नयाँ प्रहरी भवनको आवश्यकता महसुस गरी स्वतःस्फुर्त रूपमा नयाँ भवन निर्माणको अभियान शुरु गरे । त्यसका लागि चन्दा सङ्कलन अभियान सञ्चालन थाले । त्यो अभियान प्रभावकारी बन्दै गयो । गाउँलेहरूले सकेको आर्थिक तथा भौतिक सहयोग गरे । विदेशमा रहेका गाउँका व्यक्तिहरूले पनि दिल खोलेर सहयोग गरे । सामूहिक प्रयासकै परिणामस्वरूप निर्माण भयो—पाँचकोठे पक्की प्रहरी भवन । त्यही भवनको बुधबार एक विशेष कार्यक्रमबीच लहान नगरप्रमुख महेशप्रसाद चौधरी र मधेश प्रदेशका प्रहरी प्रमुख, प्रहरी नायब महानिरीक्षक उमाप्रसाद चतुर्वेदीले संयुक्त रूपमा उद्घाटन गरे । सुविधासम्पन्न प्रहरी चौकीको भवन बनेसँगै पक्की टोलवासीको खुसीको सीमा छैन । शान्तिसुरक्षा र अमनचयनको अनुभूति उनीहरूको हरेक अभिव्यक्तिमा झल्किन्छ । गाउँको परिवर्तनको कथा सुनाउँदै ७४ वर्षीया लक्ष्मीदेवी अधिकारी भन्छन्, ‘पहिले गाउँमा प्रहरी नहुँदा घुर बालेर रातभर डाँका कतिबेला पो आउँलान् भनेर रोडमै जाग्राम बस्नुपथ्र्यो । त्यो दुःख सम्झेर उदेक लाग्छ । अहिले त ढुक्कले बस्न पाइएको छ ।’ उनले सुनाएअनुसार एक समय त यस्तो आयो, डाँकाहरू गाडीमै आएर गाउँ लुट्थे । प्रहरी आउँदासम्म सबै भागिसकेका हुन्थे । ‘धनमाल दिएन भने कुट्थे, कतै त मार्नेसम्म पनि गर्थे । दसैँजस्ता चाडबाडमा छोरा–नातिहरू घर आउँदा पनि डाँकाको डरले दुई दिन नबसी शहर फर्किन्थे । हामी बूढाबूढी मात्रै गाउँमा, युवाहरू बाहिर’ अधिकारी विगत सम्झिँदै भन्छन्, ‘प्रहरी त हाम्रो लागि भगवानजस्तै भएर आएका हुन् बाबु ।
यही भएर गाउँलेहरू जीउधन लगाएर यो भवन बनाउन जुटे । अब चौकीमा दुई जना महिला प्रहरी पनि भए सहज हुन्थ्यो ।’ लक्ष्मीदेवी अधिकारीको भनाइ केवल विगतको पीडा होइन, यो सुरक्षा प्राप्तिको खुसी र सामुदायिक सफलताको आत्मगौरव पनि हो । गाउँमा सुरक्षाको सुनिश्चिततासँगै समुदाय–प्रहरी सम्बन्ध अझ मजबुत भएको छ । यही सन्दर्भमा स्थानीयले भन्दै थिए, ‘वास्तवमै प्रहरी मेरो साथी भन्ने नारा प्रचारका लागि मात्रै रहेन, यो त व्यवहारमै लागू भएको छ ।’ यहाँ सुरक्षाको व्यवस्थापछि धेरै कुरा बदलिदिएको छ । कुनै समय प्रहरीसँग पनि डराउने यहाँको समाज अचेल प्रहरीलाई साथी, अभिभावक र सहारा मान्छन् । दुःख होस् या सुख, हरेक क्षणमा प्रहरी स्थानीयले सबैभन्दा पहिले सम्झिने आधार बनेको छ । भवन निर्माण समितिका अध्यक्षसमेत रहेका समाजसेवी राउतका अनुसार स्थानीय जनताबाटै करिब २५ लाख सङ्कलन भएको थियो । गाउँलेहरूले सकेको आर्थिक, श्रम र भौतिक सहयोग गरेका थिए ।

उनले भने, ‘भवन निर्माणमा लहान नगरपालिका र मधेश प्रदेश सरकारको पनि केही आर्थिक सहयोग रह्यो । यही संयुक्त प्रयासले सुविधासम्पन्न पक्की भवन निर्माण सम्भव भएको हो । त्यसैले यो भवन केवल इँटा र गारो मात्रै होइन, समाजको एकता, इच्छाशक्ति र प्रहरीप्रति विश्वासको जीवित प्रतीक पनि हो ।’ भवन उद्घाटन समारोहका प्रमुख अतिथि लहान नगरप्रमुख चौधरीले स्थानीयवासीको एकता, सहयोग र प्रतिबद्धता प्रशंसनीय रहेको बताए । उनले भने, ‘समाजका अगुवाहरूले जग्गादान र चन्दा सङ्कलन गरेर यो भवन निर्माण गर्नुभएको छ, जुन यस क्षेत्रका लागि वरदान साबित भएको छ । यहाँका जनताले प्रहरीप्रति विश्वास राखेकाले शान्तिसुरक्षाको प्रत्याभूति गर्ने आधार पनि बनेको छ ।’ प्रहरी नायब महानिरीक्षक चतुर्वेदीले समुदाय र सुरक्षाकर्मीबीचको सहकार्य अपराध न्यूनीकरणका लागि निर्णायक आधार भएको बताए । प्रहरी सङ्गठन समुदायमैत्री सेवामा प्रतिबद्ध रहेको उल्लेख गर्दै उनले समुदायसँगको सम्बन्धलाई केवल सुरक्षाको सवाल मात्र नभई विश्वास, सहभागिता र उत्तरदायित्वको सम्बन्धका रूपमा आफूले हेरेको बताए । ‘समुदायको सहयोगबिना कुनै पनि सुरक्षा प्रणाली पूर्ण हुँदैन, यो त समुदाय र प्रहरीको साझदारी तथा विश्वासमा अडेको हुन्छ । यहाँको उदाहरणले जब समुदाय सक्रिय हुन्छ, तब अपराध पन्छिन्छ र शान्ति दिगो कायम हुन्छ भनेर जबर्जस्त सन्देश दिएको छ ।’ कार्यक्रममा सिरहाका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले प्रहरीलाई नागरिक र सरकारबीचको महत्त्वपूर्ण कडीका रूपमा चित्रण गर्दै भने, ‘शान्ति सुव्यवस्थाका लागि प्रहरी सबैभन्दा नजिकको सरकारी संयन्त्र हो । यस भवन निर्माणले नागरिक र सुरक्षाकर्मीबीच सुमधुर सम्बन्धलाई थप मजबुत बनाउने छ ।’ जिल्ला प्रहरी कार्यालयका प्रमुख, प्रहरी उपरीक्षक अनन्तराम शर्माले समुदायसँगको सहकार्य शान्तिसुरक्षाको स्थायित्व र जनविश्वासको बलियो आधार भएको धारणा राखे । रासस

# बागमतीमा डुबेर बालक बेपत्ता झाझ खोलाबाट पुरुषको शव फेला

**राकेश यादव**
**रौतहट ।**



रौतहट जिल्लाको माधवनारायण नगरपालिका वडा नम्बर–८ पिपरा रजबाडा नजिक बागमती नदीमा दाउरा निकाल्न गएका एक जना बालक पानीमा बगेर बेपत्ता भएका छन् भने एक बालकको सकुशल उद्धार गरिएको छ । बुधवार बागमती नदीमा दाउरा टिप्नका लागि गएका माधवनारायण नगरपालिका वडा नम्बर–८ पिपरा रजबाडा बस्ने विन्देश्वर पासवानका अन्दाजी १३ वर्षीय छोरा सुधीर पासवान पानीमा बगेर बेपत्ता भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । सुधिर पासवान संगै गएको स्थानीय रामप्रवेश पासवानका १२ वर्षीय छोरा शिबजी पासवान पानीमा डुबेर गाएब भएकोमा खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । नदीमा अचानक आएको बाढीको कारण फसेका युवकलाइ कुनै सुरक्षाकर्मीको टोलीले उद्धारको लागि आउन नसकेको भिडियो सामाजिक सञ्जालमा भाइरल हुँदा प्रमुख जिल्ला अधिकारी बिनोद कुमार खड्काले विज्ञप्ती जारी गर्दै पानीको बीचमा देखिएका युवकको उद्धार गरिएको जनाएका छन् । भिडिओमा देखिएका युवक भन्दा पहिला नै एक जना युवकलाइ बाढीले बगाएकोले सुरक्षाकर्मीको टोलीले खोजी कार्य जारी राखेको दाबी विज्ञप्तीमार्फत गरेका छन् । बागमती नदीमा फसेका युवकलाई स्थानीयले ट्युबको सहारामा सकुशल उद्धार गरेपनि जिल्लामा रहेका विपद व्यवस्थापन खोज तथा उद्धार टोलीको उपस्थिति नदेखिएपछि अहिले सामाजिक सञ्जालमा आलोचना भइरहेको छ । स्थानीयले समयमा उद्धार टोली आएको भए युवकको ज्यान जोगाउन सकिने तर्क गरिरहेका छन् । त्यसै गरी जिल्लाको दुर्गाभगवती गाउँपालिका वडा नम्बर–५ र यमुनामाइ गाउँपालिका वडा नम्बर–४ मा पर्ने झाँझ खोलामा पुल नजिक बिहीवार करिब ९ बजेको समयमा पानीमा तैरिँदै गरेको एक पुरुषको शव फेला परेको छ । मृत अवस्थामा भेटिएको शबको पहिचान हुन नसकेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी निरिक्षक रुद्र राज कँडेलले जानकारी दिएका छन् ।

# पौडी सिक्न गएका बालक पोखरीमा बिलाए

**वीरगंज ।**
पौडी सिक्न गएका वीरगंजका एक बालकको डुबेर मृत्यु भएको छ । वीरगंजस्थित एक होटलको पौडी पोखरीमा तालिम गर्न गएका वीरगंज महानगर–११ रानीघाटका ९ वर्षीय बालक बजरङ्गी रौनियारको मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालयका प्रमुख गौतम मिश्रले होटलको तेस्रो तल्लामा रहेको स्वमिङ पुलमा डुबेर अचेत भएका बालकलाई नारायणी अस्पताल भर्ना गरिएको थियो । प्रशिक्षक र जीवन रक्षकलाई निगरानीमा राखेर अनुसन्धान भइरहेको बताउँदै उनले भने, ‘अस्पतालले बुधबार बेलुका बालकको मृत्यु भएको जानकारी दिएको छ ।’ रासस

# संघीय गणतान्त्रिक गठबन्धनले शुरु गर्यो संयुक्त जनजागरण अभियान



**मधेशदृष्टि**
**सर्लाही ।**
संघीय गणतान्त्रिक गठबन्धनले संयुक्त जनजागरण अभियान प्रारम्भ गरेको छ । गठबन्धनको आयोजनामा मलङ्वास्थित नारायण धर्मशालामा सम्पन्न संयुक्त जनजागरण अभियान अन्तरक्रिया तथा सभा देशभरिका उत्पीडित समुदायको पक्षमा एक निर्णायक मोडको रूपमा देखिएको छ । चारवटै दलका शीर्ष नेताहरूको धारणा र हजारौं जनताको र्यालीले जनतामा नयाँ ऊर्जा र जागरणको सन्देश दिएको छ ।
गठबन्धनका संयोजक एवम् नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष तथा पूर्वगृह राज्यमन्त्री मोहम्मद रिजवान अन्सारीले आफ्ना गहकिला विचार प्रस्तुत गर्दै भने, ‘नेपालमा अहिलेसम्म उत्पीडित जनताको नाममा खोलिएका धेरै पार्टी र गठबन्धनहरूले पटक–पटक धोका दिएका छन् । ती दलहरू मधेशी जनताको आन्दोलनलाई सत्ता प्राप्तिको सिडीको रूपमा प्रयोग गर्दै आएका छन् ।
तर, आज मुख्य प्रश्न के हो भने – के उत्पीडित जनताको राजनीतिक आन्दोलन समाप्त भयो? के हामीले सुशासन र समानतासहितको नेपाल बनाइसक्यौं?’ उनले संविधान पुनर्लेखन वा संशोधनमार्फत मधेशी, मुस्लिम, दलित, आदिवासी जनजाति, निषाद तथा पिछडिएका वर्गको हक अधिकार सुनिश्चित नगरेसम्म संविधानप्रति जनताको अनुभूति नजाग्ने र त्यसअनुसार स्थिरता आउन नसक्ने बताए । उनले थपे, ‘अहिलेको गणतन्त्र भ्रष्ट कर्मचारी, भ्रष्ट नेता, दलाल पुँजीपति र बिचौलियाहरूको हातमा बन्धक बनेको छ । हामी त्यसलाई नेपाली जनताको वास्तविक गणतन्त्रमा रूपान्तरण गर्न संघीय गणतान्त्रिक गठबन्धनमार्फत संघर्षरत छौं ।’ अध्यक्ष अन्सारीले वर्तमान निर्वाचन प्रणाली उत्पीडित जनताको विपक्षमा रहेको भन्दै पूर्ण समानुपातिक प्रणालीको खाका अगाडि सारे । साथै, जनताद्वारा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र अधिकार सम्पन्न प्रदेशहरूको संरचना निर्माण गर्नुपर्ने मागलाई पनि जोड दिए । उनले भने, ‘वर्तमान संघीयता प्रशासनिक एकाइ मात्रै हो, यो उत्पीडित जनतासँग धोका हो ।

हामी पूर्ण अधिकार सम्पन्न संघीय संरचनाको पक्षमा दृढ छौं ।’ उनले सम्पूर्ण उत्पीडित समुदायलाई एकताबद्ध भई संघीय गणतान्त्रिक गठबन्धनको छातामुनि गोलबद्ध भई जनजागरण अभियानलाई सफल बनाउन आह्वान गरे । नेपाल संघीय समाजवादी पार्टीकी मधेश प्रदेशसभाकी संसदीय दलकी नेता तथा पूर्वगृह, सञ्चार तथा कानूनमन्त्री बिमला अन्सारीले आफ्नो सम्बोधनमा प्रदेशसभा भित्रको अनुभव प्रस्तुत गर्दै वर्तमान सरकारप्रति तीव्र आलोचना गरेकी छन् ।
उनले भनिन्, ‘म अहिले प्रदेश सभामा छु । मैले प्रत्यक्ष रूपमा देखेँ—यो सरकार उत्पीडित जनताको सरकार होइन । यो मधेशी, दलित, महिला, आदिवासी जनजाति, मुस्लिम र निषाद समुदायका लागि कुनै स्पष्ट नीति, योजना र प्रतिबद्धता बिना चलिरहेको छ ।’ उनले शिक्षाको पहुँच, आर्थिक उत्थान र सामाजिक न्यायका मुद्दामा सरकारको असंवेदनशीलता औंल्याउँदै संसदमा निरन्तर आवाज उठाउँदै आएको जनाइन् । साथै, उनले सम्पूर्ण उत्पीडित जनसमुदायलाई यो अभियानमा साथ दिन आग्रह गरिन् । ‘यो लडाइँ मेरो व्यक्तिगत होइन, सम्पूर्ण उत्पीडित समुदायको हो । म तपाईंहरू सबैलाई संघीय गणतान्त्रिक गठबन्धनलाई बलियो बनाउने आह्वान गर्दछु,’ उनले भनिन् । कार्यक्रममा बहुजन एकता पार्टीका अध्यक्ष हरिनन्दन अम्बेडकर, जनजागृति पार्टीका अध्यक्ष ध्रुवलाल निषाद र नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतोले आफ्नो सम्बोधनमा उत्पीडित वर्गको अधिकार सुनिश्चित गर्न चारवटै पार्टीको साझा रणनीति र ऐक्यबद्धता प्रस्तुत गरेका थिए । उनीहरूले संघीयता, सामाजिक न्याय, समावेशी सेना, आर्थिक अवसर र राजनीतिक प्रतिनिधित्वमा पूर्ण समानता कायम गर्न एकीकृत आन्दोलन अपरिहार्य रहेको बताएका थिए । कार्यक्रमअन्तर्गत हजारौंको संख्यामा भव्य र्याली पनि सम्पन्न भयो ।

# आईसीसीमा देखिएको समस्याका कारण एनसीसी कतार विवादमाः करिम बक्स मिया

**रामएकवाल राम**
**दोहा, कतार ।**
गैरआवासिय संघ राष्ट्रिय समन्वय परिषद कतार र एनसीसीमा हाल देखिएको प्रतिकुल परिस्थिति एवम् आन्तरिक कारणले नभई आईसीसीमा देखिएका समस्या, अदालतमा विचाराधीन मुद्दाहरुले नै मुख्य कारण भएको समाजसेवी तथा पत्रकार महाससंघ कतारका पूर्वअध्यक्ष करिम बकस मियाले बताएका छन् । उनले सामाजिक सञ्जालमा लेख्दै आईसीसीमा देखिएको विवाद र विचाराधीन मुद्दाहरुको कारण एनसीसी कतारले कुन बाटो अवलम्बन गर्ने भन्ने अन्यौलताको कारण अहिले यस्तो अवस्था आएको बताएका हुन् । गत २५ अप्रीलमा हुनु पर्ने परिषद भेला स्थगित भएपछि नै एनसीसी कतारले प्राविधिक समस्यामा फँसेको हो । गत मङ्गलबार मुन्ताजा पार्क नजिकै रहेको गोर्खाली रेस्टुरेन्टको सभाहलमा छलफलको क्रममा नेपाल पत्रकार महासंघ कतारका अध्यक्ष दिल कुमार र श्रेष्ठ र नेपाली महिला समाजकी अध्यक्ष माया केसीलाई धन्यवाद व्यक्त गर्दै अप्रील २५ मा परिषद भेला गरिएको भए आज यस्तो समस्या आउने थिएन वा समस्या आएपनि जटिल हुने थिएन । उनले भने, ‘एनसीसी कतारले के कारणले त्यो भेला रोक्यो भन्ने प्रश्न नै मुख्य विषय हो । यसको उत्तर जे आएपनि व्यवहारिक कारण भने




एनसीसी कतारले सामना गर्नु परेको चर्को राजनीतिक दबावमा परेको हो ।’ व्यक्ति र समाज कुनैपनि हालतमा तटस्थ हुन÷बन्न सक्दैन । म वा हामी तटस्थ भनेर कसैले भन्छ भने त्यो सबैभन्दा ठुलो झुट हुन्छ । ‘अझ कुनै मुद्दामा अल्झनु परेको अवस्थामा त तटस्थता आफैंमा भद्दा मजाक हुन्छ । जुन एनसीसी कतारको सबैभन्दा महत्वपूर्ण कमजोरी रह्यो । छलफलमा सबैले आ–आफ्ना धारणा र तर्क राखे झैं मैलेपनि आफ्नो धारणा राखें,’ करिम बकस मियाले भने, ‘हामी मिल्न सक्दैनौं भने नमिलेको नै राम्रो, मिल्ने वहसमा उत्रेर हामीले समय र सम्वन्धलाई खराव गर्न हुँदैन । तसर्थ हामी सल्लाहले नमिले पनि तर भावनामा नखेलौं ।’ कतारको एनसीसी दुईवटा भएको छैन । प्राविधिक कारणले हाम्रा बाटाहरु दुईवटा भएका मात्र हुन् । त्यो बाटोहरु अल्पकालीन हुन् । सल्लाहले नै हामीले रोजेको आ–आफ्नो बाटो हिँडौं । आईसीसीको विवाद र मुद्दाहरु सर्वोच्चमा विचाराधीन छन् । ढिलोचाँडो अन्तिम फैसला अवस्य आउने नै छ । हामीले रोजेको बाटोमध्ये जुन बाटो अदालतले सही करार दिनेछ हामी पूनः एक बाटोमा क्याराभान बनेर अघि बढ्ने विश्वास व्यक्त गरेका छन् । उनले थप्दै भने, ‘अहिलेको अवस्थामा विश्वमा रहेका ९० वटा एनसीसीहरु मध्ये ५ वटा मात्र एनसीसीसँग गरिएको एमओयू (संवन्धन) फिर्ता लिई आइसीसीले अधिवेशन आयोजक समिति बनाउने निर्णय गरेको छ । ति ५ वटा एनसीसी कतार, यएई, बेल्जियम, अष्ट्रिया र नेदरल्याण्ड मात्र हुन् । बाँकीमा एमआईएस प्रणालीबाट नै सदस्य बन्ने काम भएको÷भइरहेको छ ।’ हाललाई, सकिन्छ भने एमआईएस प्रणालीमार्फत सदस्यता लिन सबैलाई अनुरोध पनि गरेका छन् ।

# गण्डक नहरबाट पर्याप्त पानी उपलब्ध नहुँदा रोपाइँ गर्न समस्या

**वीरगंज ।**
छिमेकी मुलुक भारतले गण्डक सिँचाइ तथा जलविद्युत् योजनाको सम्झौताअनुसार गण्डक नहरमा पानी उपलब्ध नगराउँदा पर्सा, बारा र रौतहटमा कृषकलाई रोपाइँ गर्न समस्या भएको छ । तीन जिल्लाका कृषकले असारे धान रोपाइँका लागि बिउ तयार गरे पनि पानी उपलब्ध नहुँदा धान रोपाइँ प्रभावित बनेको छ । भारतीय पक्षले सम्झौताअनुसार गण्डक नहरमा ८५० क्यूसेक पानी उपलब्ध गराएको छैन । नारायणी सिँचाइ व्यवस्थापन कार्यालय पर्साका प्रमुख मनोजकुमार पटेलले भारतले अहिले दैनिक ५३५ क्यूसेक पानी मात्र उपलब्ध गराउँदै आएको बताए । 'हामीले भारतीय पक्षलाई सम्झौता बमोजिमको गण्डक नहरमा पानी उपलब्ध गराउन बुधबार पत्राचार गरेका छौँ,' उनले भने । प्रमुख पटेलका अनुसार पर्याप्त पानी नहुँदा पर्सा, बारा र रौतहटमा अपेक्षाकृत ढङ्गले धानको रोपाइँ हुन सकेको छैन । 'पर्सामा आइतबारदेखि मङ्गलबारसम्म गण्डक नहरबाट धान रोपाइँका लागि पानी दिइने गरिन्छ,' उनले भने, 'बारा र रौतहटका लागि भने बुधबारदेखि शनिबारसम्म पानी उपलब्ध गराउने गरिन्छ । तर, पर्साका किसानले बारा र रौतहटका कृषकको पालोको पानी पनि आफैले लैजाने समस्या छ ।' कार्यालयका अनुसार पर्साको १ देखि ४ नम्बरसम्मको ब्लकमा धान रोपाइँ भएको छ भने बाराको मर्टिअर्वासम्म पानी पुगेको छ । नेपाल र भारतबीच सन् १९५६ डिसेम्बर ४ तारिखमा गण्डक सिँचाइ तथा जलविद्युत् योजना सम्झौता भएको थियो । सो सम्झौताअनुसार दुवै मुलुकमा सिँचाइ गर्ने उद्देश्यसहित भारत सरकारद्वारा नारायणी नदीमा ब्यारेज निर्माण गरी नारायणी सिँचाइ प्रणालीको विकास गरिएको थियो । सो सिँचाइ योजनाअन्तर्गत पर्सा, बारा र रौतहट जिल्लाको दक्षिणी भेगको ३७ हजार ४०० हेक्टर क्षेत्रफलमा सिँचाइ गर्न भारतीय पक्षले नेपालका लागि ८५० क्यूसेक पानी अटाउने गण्डक नहर निर्माण गरेर सन् १९७५ मा नेपाललाई हस्तान्तरण गरेको थियो । गण्डक नहरबाट भारतीयभूमी हुँदै नेपाल–भारतको सीमाक्षेत्र जानकीटोला हुँदै पर्सामा पानी भित्रिने गर्छ । यो नहर नेपालतर्फ ८१ किलोमिटर लामो छ । यो नहरको नौवटा डिष्ट्रिब्युटरी र ८७ वटा संरचना अन्र्तगत पर्सा, बारा र रौतहट जिल्लामा सिँचाइ गर्ने गरिन्छ । सम्झौताअनुसार तीन जिल्लाको ३७ हजार ४०० हेक्टर क्षेत्रमा सिँचाइ हुनुपर्ने भए पनि हालसम्म २८ हजार हेक्टर जग्गा मात्र सिँचित हुँदै आएको प्रमुख पटेलले जानकारी दिए । गण्डक नहरमा भारतीय पक्षले बर्सेनि वर्षायाममा असार १५ गते र हिउँदमा पुस १० गते सिँचाइका लागि पानी उपलब्ध गराउनुपर्ने सम्झौता छ । यसवर्ष भारतीय पक्षले सोहीअनुसार वर्षायाममा नहरमा पानी छाडिसकेको छ ।रासस

# जनकपुरधाममा 'नेपोभिट ट्रेडिङ' शुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
स्वदेशी उत्पादनको प्रवद्र्धन र उपभोक्तालाई गुणस्तरीय सेवा दिने लक्ष्यसहित जनकपुरधाममा बिहीबारदेखि 'नेपोभिट ट्रेडिङ' सञ्चालनमा आएको छ । कम्पनीले विशेषगरी टाइल्स तथा बाथरूम फिटिङ सामग्री उपलब्ध गराउनेछ । कम्पनीका अनुसार बजार मूल्यभन्दा सुलभ दरमा गुणस्तरीय सामग्री उपभोक्तासमक्ष पुर्याउने उद्देश्यले जनकपुरधाममा व्यवसाय शुरु गरिएको हो । स्थानीय निर्माणसम्बन्धी बजारमा गुणस्तर, मूल्य र सेवा सन्तुलन कायम गर्न नेपोभिट ट्रेडिङले योगदान दिने विश्वास गरिएको छ । कम्पनीले टाइल्स, वास बेसिन, शावर, नल, वाल फिनिसिङ सामग्रीलगायतका आधुनिक डिजाइनका सामानहरू बिक्री वितरण गर्नेछ । व्यवसाय सञ्चालनमा ल्याउने क्रममा कम्पनीले स्वदेशी उत्पादनको प्रयोगमा विशेष जोड दिएको बताउँदै स्थानीय उपभोक्ताको विश्वास जित्ने प्रतिबद्धता जनाएका छन् ।
व्यवसायसँग सम्बन्धित थप सेवा विस्तार र ग्राहक सन्तुष्टि नै प्राथमिकता रहेको सञ्चालक बिभा झाले बताइन् ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु, एक घाइते

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको ईश्वरपुर नगरपालिका–१४ स्थित हरकठवा–श्रीनगर भित्री सडकखण्डमा भएको मोटरसाइकल दुर्घटनामा एक युवकको मृत्यु भएको छ भने अर्का एक जना गम्भीर घाइते भएका छन् । ग ७ प ९४८ नम्बरको मोटरसाइकल तीव्र गतिका कारण अनियन्त्रित भई सडकमा पल्टिँदा मोटरसाइकल चालक ईश्वरपुरका १९ वर्षीय बिष्णु कुमार महतो गम्भीर घाइते भए । उनलाई तत्काल उपचारका लागि लालबन्दीस्थित मोडेल अस्पताल लैजाने प्रयास गरिए पनि बाटोमै मृत्यु भएको अस्पताल स्रोतले जनाएको छ । उक्त मोटरसाइकलमा पछाडि सवार रहेका १८ वर्षीय प्रशान्त महतोको पनि टाउको तथा शरीरका विभिन्न भागमा चोट लागेको छ । प्रारम्भिक उपचारपछि उनको अवस्था गम्भीर देखिएपछि वीरगंजस्थित बयोधा अस्पताल रेफर गरिएको प्रहरीले जनाएको छ । दुर्घटनाको जानकारी पाएपछि गौरीशंकर प्रहरी चौकीबाट प्रहरी निरीक्षक श्यामसुन्दर साहको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो । घटनास्थल प्रहरी चौकीबाट करिब २.५ किलोमिटर पश्चिममा पर्छ । प्रहरीले दुर्घटनामा संलग्न मोटरसाइकललाई नियन्त्रणमा लिएको छ भने मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवामा लगिएको थियो । पोस्टमार्टमपछि मृतकका पिता राम एकवाल महतोले शव बुझेर घर लगेका छन् ।

# सुरुङ्गाको बजेट खर्च सन्तोषजनक

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको सुरुङ्गा नगरपालिकाले आर्थिक वर्ष २०८१÷०८२ मा विनियोजित बजेटमध्ये ७८ दशमलव ४७ प्रतिशत खर्च गरेको विवरण सार्वजनिक गरेको छ । बजेट खर्च विवरण सार्वजनिक गर्ने यो सप्तरीका स्थानीय तहहरूमा पहिलो नगरपालिका बनेको हो । नगरपालिकाका अनुसार चालु खर्चतर्फ ८४.४४ प्रतिशत र पुँजीगत खर्चतर्फ ६७.६१ प्रतिशत बजेट उपयोग भएको छ । चालुतर्फ ४७ करोड ७६ लाख ४ हजार २४६ रुपैयाँ विनियोजन गरिएकोमा ४० करोड ३३ लाख ३ सय ३८ रुपैयाँ खर्च भएको छ । त्यस्तै, पुँजीगततर्फ २६ करोड २३ लाख ४७ हजार ३५५ रुपैयाँ




विनियोजन गरिएकोमा १७ करोड ७३ लाख ८३ हजार ५५९ रुपैयाँ खर्च भएको छ ।
नगरप्रमुख गीता चौधरीले चालु आर्थिक वर्षमा नगरपालिकाले तय गरेको नीति तथा कार्यक्रमअनुसार कार्यहरू प्रभावकारी रूपमा सम्पन्न गरिएको बताउँदै लक्ष्य अनुसारको प्रगति भएको दाबी गरिन् । 'काम सम्पन्न भएर भुक्तानी दिइएको छ, अझ केही योजनाको काम टेन्डर प्रक्रियामा रहेकाले त्यसको खर्च भुक्तानी चरणमा बाँकी छ,' उनले भनिन् । प्रमुख प्रशासकीय अधिकृत गोरखनाथ मिश्रले पनि चालु तथा पुँजीगत दुवै तर्फ बजेट खर्च सन्तोषजनक रहेको बताउँदै नगरपालिकाले पारदर्शिताको अभ्यासस्वरूप खर्च विवरण सार्वजनिक गरेको स्पष्ट पारे ।

# ठूलो परिमाणको नगदसहित युवक पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गौर नगरपालिका–१ बाट स्रोत नखुलेको ९ लाख २८ हजार ५ सय नेपाली रुपैयाँ र २ लाख १५ हजार ५ सय भारतीय रुपैयाँसहित एक युवकलाई प्रहरीले पक्राउ गरेको छ ।
पक्राउ पर्ने व्यक्ति सर्लाहीको रामनगर गाउँपालिका–२ निवासी ३० वर्षीय चन्दन पण्डित हुन् । उनलाई बिहीबार दिउँसो गौर नाकाबाट भारतबाट नेपालतर्फ आउँदै गरेको बीआर ०३ जे ९५४३ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा नगदसहित नियन्त्रणमा लिइएको हो । प्रहरीका अनुसार चेकजाँचका क्रममा पण्डितको साथबाट सो रकम फेला परेको र त्यसको स्रोत खुलाउन नसकेपछि उनलाई पक्राउ गरिएको हो । उक्त कार्यमा भन्सार सुरक्षा गार्ड कार्यालय रौतहटका सुरक्षाकर्मीसमेत संलग्न रहेको जनाइएको छ ।

# अगर्वामा आँखा उपचार केन्द्र सञ्चालन



**राजिव साह**
**सर्लाही ।**
सर्लाहीको कविलासी नगरपालिका वडा नं. ८ स्थित अगर्वामा आँखा उपचार केन्द्र सञ्चालनमा आएको छ । उपमेयर पुनम कर्णको पहलमा सञ्चालनमा आएको उक्त केन्द्रको उद्घाटन नगर प्रमुख ब्रह्मदेव राय र उपमेयर कर्णले संयुक्त रूपमा गरे ।
नेपाल नेत्रज्योति संघ अन्तर्गत हिरालाल सन्तुदेवी प्रधान नेत्रविज्ञान अध्ययन संस्था भरतपुर, आँखा अस्पताल चितवन र कविलासी नगरपालिकाको संयुक्त सहकार्यमा बिहीबारदेखि सेवा शुरु भएको हो । कविलासीमा आँखा उपचार केन्द्र नहुँदा यहाँका बासिन्दाहरू उपचारका लागि मलंगवा, हरिवन, लालबन्दी, जनकपुर, लहानजस्ता टाढा ठाउँसम्म जान बाध्य हुने गरेको कार्यपालिका सदस्य विनय कुमार कर्णले जानकारी दिए । उनका अनुसार केन्द्रको निर्माण प्रदेश सरकारको करिब ७५ लाख रुपैयाँको सहयोगमा गरिएको हो ।
उद्घाटन कार्यक्रममा भरतपुर आँखा अस्पतालका कार्यवाहक अध्यक्ष तेजेन्द्र खडका, प्रमुख जिल्ला अधिकारी तुलसी बहादुर श्रेष्ठ, जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रमुख एसपी योगेन्द्र कुमार खडका, सशस्त्र प्रहरी बल नेपाल नं. १० गण कविलासीका प्रमुख एसपी देवबहादुर चन्द, भरतपुर आँखा अस्पतालका प्रतिनिधिहरु, स्थानीय जनप्रतिनिधि तथा नागरिकहरूको उपस्थिति रहेको थियो ।

# कानुनी हाजिरीजवाफ प्रतियोगितामा डेसिमल कलेज प्रथम



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश विश्वविद्यालयद्वारा आयोजित कानुनी हाजिरीजवाफ प्रतियोगितामा वीरगंजस्थित डेसिमल कलेजले उत्कृष्ट प्रदर्शन गर्दै प्रथम स्थान हासिल गरेको छ । प्रतियोगितामा वीरगंजका प्रमुख शैक्षिक संस्थाहरूको उत्साहजनक सहभागिता रहेको थियो । प्रतियोगितामा डेसिमल कलेज, वीरगंज कलेज, ज्ञान्दा एकेडेमी, वीरगंज सेन्ट्रल स्कुल, ममता विद्या मन्दिर र पर्सा म्यानेजमेन्ट सेन्ट्रल एकेडेमी लगायतका संस्थाहरूले प्रतिस्पर्धा गरेका थिए । डेसिमल कलेजले कानुनी ज्ञान, तार्किक प्रस्तुति र आत्मविश्वासपूर्ण जवाफमार्फत अग्रता कायम राख्दै शीर्ष स्थान कब्जा गरेको हो । ममता विद्या मन्दिर दोस्रो र वीरगंज सेन्ट्रल स्कुल तेस्रो स्थानमा रहे । विजयी टोलीहरूलाई मधेश विश्वविद्यालयले प्रमाणपत्र, शिल्ड र मेडल प्रदान गरी सम्मान गरेको छ ।
कार्यक्रम कानुन संकायका डीन अञ्जय मिश्रको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा सहभागी विद्यार्थी, अतिथि, कलेज प्रतिनिधि र गणमान्य व्यक्तिहरूको उल्लेख्य उपस्थिति थियो । विश्वविद्यालयका अनुसार, यस्ता प्रतियोगिताले विद्यार्थीहरूमा कानुनी चेतना, तार्किक क्षमता र नेतृत्व विकासमा टेवा पुर्याउने विश्वास गरिएको छ । आयोजकले आगामी दिनमा पनि यस्ता शैक्षिक गतिविधिहरू निरन्तर सञ्चालन गरिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# गुरु पूर्णिमामा छात्रालाई कपडा वितरण



**मधेशदृष्टि**
**वीरगंज ।**
गुरु पूर्णिमाको अवसरमा वीरगंज–२४ स्थित शारदा माध्यमिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई नेशनल एकेडेमी कलेजले नयाँ कपडा वितरण गरेको छ । बिहीबार विद्यालय परिसरमा आयोजित कार्यक्रममार्फत कक्षा १० मा अध्ययनरत ६० जना छात्राहरूलाई कपडा वितरण गरिएको हो ।
कार्यक्रमका प्रमुख अतिथि शैक्षिक सहिद स्व. मुकुन्द खनाल स्मृति प्रतिष्ठानका संरक्षक तथा अधिवक्ता प्रकाश उपाध्यायले छात्राहरूलाई कपडा हस्तान्तरण गरेका थिए । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक अनिल वर्णवाल, नेशनल एकेडेमीका सञ्चालक तथा ठाकुरराम बहुमुखी क्याम्पसका पूर्व प्रमुख केदार साह, विद्यालयका शिक्षक तथा स्थानीयको समेत उपस्थिति रहेको थियो । आयोजक संस्थाका अनुसार, शिक्षामा प्रोत्साहन र सामाजिक उत्तरदायित्व स्वरूप सो पहल गरिएको हो । स्थानीय स्तरमा यस्तो सहयोगले विद्यार्थीहरूमा आत्मबल र शैक्षिक उत्साह थप्ने विश्वास लिइएको छ ।

# सिरहाका विपन्न दलितलाई ग्यास चुलो वितरण

**सिरहा ।**
सिरहाको बरियारपट्टि गाउँपालिका–३ दलित बस्तीका विपन्नलाई ग्यास सिलिण्डरसहितको चुलो वितरण गरिएको छ ।
वडाले १० लाखको बजेटबाट चमार, डोम र साफी समुदायका १२६ घरलाई ग्यास चुलो, सिलिण्डर, पाइप र लाइटर प्रदान गरेको हो । वडाध्यक्ष विनोदकुमार यादवका अनुसार दैनिक ज्यालादारीमा गुजारा चलाउने दलित समुदायको चुलो धुँवामुक्त बनाउने उद्देश्यले यो कार्यक्रम ल्याइएको हो । 'पातपतिङ्गर र पराल बटुलेर खाना पकाउँदा आगलागीको खतरा बढ्ने भएकाले ग्यास चुलो वितरण गरेका हौँ', उनले बताए ।
चमार टोलकी विन्दादेवी रामले ग्यास चुलो पाएपछि जीवनमै ठूलो राहत मिलेको बताइन् । 'अब धुँवामा बस्नुपर्दैन', उनले खुसी साटिन । वडाध्यक्ष यादवका अनुसार आगामी आर्थिक वर्षमा पनि १० लाख बजेट छुट्याइएको छ । उक्त बजेटबाट मण्डल र मुखिया परिवारलाई चुलो वितरण गरिनेछ । 'त्यसपछि वडाभरका सबै दलित बस्तीमा ग्यास चुलो पुग्नेछ', उनले भने ।
यसअघि वडा कार्यालयले मुसहर बस्तीका ९९ घरपरिवारलाई पनि चुलो वितरण गरिसकेको छ । आर्थिक वर्ष ०८०÷०८१ मा ९ लाख खर्चेर रामपुर पिप्रा र तिलैया क्षेत्रका मुसहर बस्तीमा ग्यास चुलो जडान गरिएको थियो ।रासस

## सम्पादकीय

# मिथिलामा गुरु पूर्णिमाको रौनक

*धार्मिक एवम् पारम्परिक अनेकौँ चाडपर्वको संस्कृति बोकेको मधेशको प्राचीन मिथिला क्षेत्रमा बिहीबार गुरुपूर्णिमा पर्व मनाइएको छ। चन्द्रमासको असार पूर्णिमाका दिन मनाइने यो पर्वमा गुरुप्रति भक्तिभाव र कृतज्ञता व्यक्त गरिन्छ। हिन्दू परम्पराका अनुयायी मैथिल (मिथिलाका बासिन्दा) गुरु पूर्णिमा पर्व मनाउँछन्। यस दिन शिक्षा दिनेदेखि गायत्री तथा वेद सुनाउने र विशेष दीक्षा दिने गुरुजनप्रति सम्मान भाव प्रकट गरी गुरु पूर्णिमा पर्व मनाउने हिन्दू मैथिल परम्परा छ। मिथिला अर्थात् विदेहभूमि महाज्ञानी अष्टावक्र, याज्ञवल्क्य, राजर्षि जनक तथा गार्गी एवम् मैत्रेयीजस्ता विद्वान–विदुषीको साधना, तप र ज्ञान आर्जन र प्रचारको थलोका रुपमा परिचित छ।*

*यो पर्व परम्पराको निरन्तरता मात्र नभएर पारिवारिक र सामाजिक अनुशासनको स्मरण गराउने अवसर हुने गर्दछ। मिथिला लोकपरम्परा र संस्कृतिका जानकारका अनुसार, प्राचीन गुरुकुल परम्पराको शिक्षाले परिवार, समाज, राष्ट्र र चराचरजगत्प्रतिको दायित्व र कर्तव्यबारे ज्ञान दिएर परिपक्व नागरिक बनाउने गरेका सन्दर्भ प्राचीन साहित्य र इतिहासमा वर्णन छ। गुरुबाट प्राप्त शिक्षाले ज्ञानवान् भएका शिष्यले कृतज्ञता तथा अहोभाव व्यक्त गर्ने अवसरका रूपमा यो पर्वलाई लिने गरिएको छ। यस दिन गुरुप्रति कृतज्ञता व्यक्त गर्दै नयाँ वस्त्र आभूषण फेराउने र मिष्टान्न भोजन गराउने मैथिल परम्परा छ। पर्वविशेषले मिथिला क्षेत्रमा एक दिन पहिलेदेखि नै चहलपहल बढाएको छ। नयाँ वस्त्र, मिष्टान्न परिकार र फलपूmल सौगातका रूपमा गुरुलाई चढाउने चलन छ। पर्वका अवसरमा मिथिला क्षेत्रका मठमन्दिरमा विशेष समारोह आयोजना भएका छन्। यस्ता समारोहमा प्रवचन र गुरुपूजासहितका कार्यक्रम सम्पन्न गरिन्छन्। मठमन्दिरमा छात्रछात्रा, शिष्य र साधुसन्तले गुरुपूजनका कार्यक्रमको गरेर पर्व मनाएका छन्। ज्ञानरुपी प्रकाशले अज्ञानरुपी अन्धकारको नाश गराउने व्यक्तिलाई गुरु भनिने पूर्वीय परम्परा छ। यो पर्वको महत्त्व निकै छ। पर्वले श्रेष्ठजनको सम्मान गर्ने शिष्टता र नैतिक आचरण एवम् कृतज्ञताभाव बढाउने हुँदा पर्वले सामाजिक, सांस्कृतिक र पारम्परिक दायित्व र यसको महत्व अझ मुखरित गर्दछ।*

# दुई मधेश !

*मधेश प्रदेशमा एउटा यस्तो अस्पताल छैन जहाँ यहाँका नागरिक ढुक्क भएर उपचार गराउन सकोस्। कुनै संघीय अस्पताल सुविधाजनक छैन। त्यही छिमेक प्रदेशहरूमा सुविधाजनक अस्पतालले भरिएको छ। यहाँका अस्पतालमा कहिले कर्मचारीको समस्यामा हुन्छ भने कहिले औषधी र सेवाको। थप सेवा हुनपर्नेमा भएभरका सेवा ठप्प हुँदा राज्यको गम्भीरता देखिदैँन। आवश्यकता पूरा भए मान्छेको सोच्ने शक्ति बढ्छ। वास्तवमा नेपाल सरकारले मधेशमा त्यो आवश्यकता पूरा हुन दिन चाहेको छैन। आवश्यकता पूरा नगरी यहाँका बासिन्दालाई अल्झाएर राख्न खोजेको छ। हामी हाम्रो आवश्यकता र समस्याबाट उठन सकिरहेको छैनौँ, उनीहरूले दिइरहेका छैनन्। हाम्रै देशमा हेपिएका छौँ हामी। लाचार बनाइएका छौँ।*



**प्रवेशकुमार मिश्र**

नेपालको संविधान २०७२–जसले प्रदेश स्थापनाको व्यवस्था गर्यो। संविधानले आठ प्रदेश व्यवस्था गरेकामा आठ जिल्ला समेटेर बनेको हो मधेश प्रदेश। शुरुमा प्रदेश नम्बर २ भनिने यो प्रदेश २०७८ साल माघ ३ गते मधेश बन्यो। संविधानले व्यवस्था गरे पनि ६ वर्ष लाग्यो यहाँसम्म पुग्न। नामको यात्रा कम सकसपूर्ण रहेन। प्रदेश सभामा कांग्रेसले 'मिथिला भोजपुरा', नेकपा एकीकृत समाजवादी र नेकपा एमालेले 'जानकी' तथा कांग्रेसकै सांसद राजेश्वर साहले 'मध्य मधेश' नाम प्रस्ताव गरेका थिए। बैठकमा त्यो दिन ९९ जना सांसद उपस्थिति थिए। जसमा ८० जनाले मधेश नामका पक्षमा मत राखे। सरकारको नेतृत्व गरिरहेको जनता समाजवादी पार्टी (जसपा) नेपालसँगै सत्तारुढ माओवादी केन्द्र र विपक्षी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले संयुक्त रुपमा प्रदेशको नाम मधेश प्रस्ताव गरेका थिए।

जसपाको ३९, माओवादीका ८ र लोसपाको १६ गरी ६३ जना सांसद थिए। एक सांसद रहेको नेपाल संघीय समाजवादी पार्टीले पनि यसमा समर्थन जनाएको थियो। अरु दलका १६ सांसदले पनि प्रदेशको नाम मधेश राख्ने प्रस्तावको पक्षमा मतदान गरे। यसरी प्रदेश सभाको बैठकबाट दुई तिहाइले प्रस्ताव पास गरेपछि मधेश प्रदेश नाम रह्यो। २०७६ चैत ३ गते मतदान भए पनि प्रदेशको नामकरण हुन सकेको थिएन।

प्रदेश सभाले स्थायी राजधानी जनकपुर राख्ने निष्कर्ष भयो र रह्यो। प्रदेश छुट्र्याउँदा राखिएको जिल्लाहरूमा सबै सन्तुष्ट थिएनन्। नामाकरणमा पनि जनस्तरमा मतभेद रह्यो। त्यो स्वाभाविक पनि हो। चियापसलहरुमा यसबारे चर्चा हुन थाल्यो। तर यी कुराहरु समयका साथ साम्य भए। तर एउटा विषय साम्य हुन सकेन। एउटा प्रश्नको जवाफ यहाँका एक वर्गले खोजिरहेका छन्। के आठवटा जिल्ला मात्र मधेश हो ? यसरी भनौँ यो मधेश प्रदेशलाई उनीहरूले अस्वीकार गरिरहेका छन्। मेचीदेखि महाकालीसम्मका २२ जिल्ला मधेश हो भने यस वर्गको भनाई छ। यहाँ पनि दुई मधेशको कुरा आउँछ। तर अहिलेको चर्चा यी दुई मधेश होइन। चर्चा हो नेपाल सरकारको नजरको। सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्ला सम्मिलित एक मधेश र अर्को सरकारको नजरियामा रहेको मधेश। यी दुई फरक मधेश हुन्। यी जिल्ला सम्मिलित मधेशले राज्यलाई कर उठाएर दिन्छ। राज्यको नेतृत्व गर्ने सरकारले यसलाई दिन्छ अपमान, तिस्कार। त्यसको उदाहरण हो यहाँको अवस्था। यहाँका अलपत्र योजना र राज्यको त्यसप्रतिको गम्भीरताको स्तर।

मधेश क्षेत्रको विकासको नाममा सरकारको नेतृत्व कानमा तेल हालेर सुतेको छ। यसरी भनौँ उनीहरू मधेशको विकास चाहदैनन्। यहाँको लाइफलाइन मानिएको हुलाकी सडककै कुरा गर्दा पनि हामी यसबारे बुझ्न सक्छौँ। सिरहा र धनुषा जोड्ने पुल लामोसमयदेखि अलपत्र छ तर सरकारको चासो छैन्। जसले मधेशको पूर्वी जिल्लाबाट प्रादेशिक राजधानी पुग्न कम्तीमा चार घण्टाको समय लाग्छ। तर यो पुल मात्र बने दुई घण्टा पर्याप्त हुन्छ। तर यो काम हुन सकिरहेको छैन। राजविराजमा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गरिएको छ तर त्यसको काम कछुवाको गति भन्दा पनि कम छ। सप्तरीमा नर्सिङ कलेज र इन्जिनियरिङ्ग कलेजको भवन तयार छ तर सरकारलाई यसको थाहा नै नभएको जस्तो अवस्था देखिन्छ। यहाँका पर्यटकीयस्थलको प्रचुर सम्भावना छ तर त्यहाँसम्म जानेबाटो अझै बन्न सकेको छैन।

सरकार चलाउने ठेकेदारले नै ती काम लिएर जानिजानी अलपत्र परेका छन्। विकासको नाम सुन्ने बित्तिकै हाम्रो मस्तिष्कमा आउँछ सडक। हो सडक विकास आधार हो। त्यही सडक सरकारले यहाँ बन्न दिन चाहिरहेको छैन। नत्र त्यत्रो कठिन पहाडमा बाटो एकदमै चम्किलो छ। तर समथर मधेशमा अझै पनि धुलैधुलो छ। सरकारले यहाँको योजनामा बजेट हाल्ने नगरेको होइन। तर सुनियोजित ढंगले त्यसलाई अधूरो राख्ने प्रपञ्च रचेको छ। यहाँ बजेट हाल्ने तर आफ्नै ठेकेदार लगाएर त्यसलाई अलपत्र पार्ने सरकारको मुख्य योजना हो। यदि त्यस्तो छैन भने के राज्य यतिसम्म निरीह छ कि उसलाई ठेकेदारले टेर्दैन। कि ठेकेदार शक्तिशाली छ। राज्य निरीह छैन न ठेकेदार शक्तिशाली। राज्य कहिले निरीह हुन सक्दैन, उसँग सबै संयन्त्र हुन्छ, राज्यको नेतृत्वले मधेशको खण्डमा निरीहपनको ढोंग गरेको छ।

नत्र यहाँका योजना अधूरो हुने कुनै कारण छैन। यहाँ काम गर्नु भौगोलिक, सामाजिक, आर्थिक कुनै किसिमले असहज छैन। सरकारले यहाँ सबभन्दा बर्बाद गर्न चाहेको क्षेत्र हो शिक्षा। कुनै क्षेत्रलाई सखाप पार्नुछ भने त्यहाँको शिक्षालाई ध्वस्त गरे पुग्छ भन्ने भनाइ एकदम सत्य छ। त्यहीबाटोमा सरकारले मधेशलाई डोर्याउँदै छ। र, त्यसमा सघाउने हाम्रो स्थानीय सरकार हो। विद्यालय अनुगमनमा स्थानीय सरकारको भूमिका शून्य छ। अनुगमनका नाममा छ भने नाटक, सस्तो लोकप्रियताको प्रयास। आफू नपढेका जनप्रतिनिधिले पढाइको मर्म के बुझ्छ र? यता स्थानीय सरकारका कर्मचारी हुन्छन पालिका प्रमुखभक्त।

यसमा केन्द्र सरकारको भूमिका ठूलो छ। धेरैजसो पालिकामा शिक्षा संयोजक करारका कर्मचारी छन्। सरकारले स्थायी कर्मचारीको व्यवस्थामा ध्यान दिएको छैन। करारका कर्मचारीको प्रवृत्ति सबैलाई थाहा छ उनीहरुलाई म्याद नथपिने डर हुन्छ। सरकारको प्रतिनिधित्व गर्ने सरकारी निकायमा यसमा आवश्यक गम्भीरता देखाउँदैनन्। कहाँ कुन विद्यालयमा शिक्षण कस्तो छ, कसैलाई मतलव छैन। परीक्षामा चोरी नहुन दिने नाममा अनुगमनको बहाना मात्र छ उनीहरुलाई। चोरीको अवस्था सृजना हुन नदिने गरी शिक्षा दिनेमा कसैको ध्यान छैन। सरकारले दिन चाहेको छैन। स्वास्थ्य क्षेत्रलाई पनि सिधै कमजोर पार्ने ठूलो षड्यन्त्रमा सफल भइरहेका छन् उनीहरू। मधेश प्रदेशमा एउटा यस्तो अस्पताल छैन जहाँ यहाँका नागरिक ढुक्क भएर उपचार गराउन सकोस्।

कुनै संघीय अस्पताल सुविधाजनक छैन। त्यही छिमेक प्रदेशहरूमा सुविधाजनक अस्पतालले भरिएको छ। यहाँका अस्पतालमा कहिले कर्मचारीको समस्यामा हुन्छ भने कहिले औषधी र सेवाको। थप सेवा हुनपर्नेमा भएभरका सेवा ठप्प हुँदा राज्यको गम्भीरता देखिदैँन। आवश्यकता पूरा भए मान्छेको सोच्ने शक्ति बढ्छ। वास्तवमा नेपाल सरकारले मधेशमा त्यो आवश्यकता पूरा हुन दिन चाहेको छैन। आवश्यकता पूरा नगरी यहाँका बासिन्दालाई अल्झाएर राख्न खोजेको छ। हामी हाम्रो आवश्यकता र समस्याबाट उठन सकिरहेको छैनौँ, उनीहरूले दिइरहेका छैनन्। हाम्रै देशमा हेपिएका छौँ हामी। लाचार बनाइएका छौँ। र, त्यसलाई सघाएको छ आफूलाई मधेशी नेता भनाउनेले। उनकै सरकारमा सहभागी हुन मात्र चुनाव लड्ने यिनीहरू हामीलाई सखाप बनाइरहँदा बोल्न सकिरहेका छैनन्। सोच्नसमेत सकिरहेका छैनन्। उनीहरूले बनाउन खोजेका छन् आफ्ना परिवार। हेक्का रहोस् यो समाज नरहे परिवार कहाँ रहन्छ ? हो, यहाँ दुई मधेश छ। एक संविधानले दिएको र सरकारले हेपेको।

# पाटन अदालतको इतिहासमा पहिलो पटक दुईवर्षे मुद्दा शून्यमा



**कालिका खड्का**

उच्च अदालत पाटनले पहिलो पटक दुईवर्षे मुद्दा शून्यमा पुर्याउन सफल भएको छ। चालु आर्थिक वर्ष सुरु हुँदा दुई वर्ष नाघेका मुद्दाको सङ्ख्या ४०७ थान रहेकामा हाल सबै मुद्दा फछ्र्यौट गरी उच्च अदालत पाटनको इतिहासमा दुईवर्षे मुद्दा पहिलो पटक शून्यमा झार्न सफल भएको जनाइएको छ।

अदालतमा चालु आर्थिक वर्षका १८ महिना नाघेका मुद्दा २२ थान मात्र बाँकी छन्। एक हजार ३५७ मुद्दा रहेकामा एक हजार ३३५ मुद्दा फछ्र्यौट भई २२ थान मुद्दा मात्रै बाँकी रहेको उच्च अदालतले जनाएको छ।

पाटन उच्च अदालतका मुख्य न्यायाधीश लालबहादुर कुँवरले न्याय सम्पादनलाई छिटोछरितो बनाउने उद्देश्यले पुराना मुद्दा फछ्र्याैटलाई बढी नै ध्यान दिएको र लक्ष्यअनुसार उपलब्धि हासिल गर्न सफल भएको बताउनुभयो। 'पाटन अदालतको इतिहासमा दुई वर्ष नाघेका मुद्दालाई शून्यमा झार्न सफल भएका छौँ, मुद्दालाई १८ महिनाभन्दा बढी हुन नदिने गरी आधार तयार गरेर काम गरिरहेका छौँ,' मुख्य न्यायाधीश कुँवरले भन्नुभयो, 'सर्वोच्च अदालतको पञ्चवर्षीय योजना लागू भएपछि त्यो योजना र निर्देशनबमोजिम काम गरिरहेका छौँ, न्यायसम्पादनका सम्पूर्ण सूचक पूरा गर्न सकेका छौँ।'

अदालतका रजिष्ट्रार श्रीलाल पौडेलका अनुसार कूल मुद्दा १७ हजार सात रहेकामा वार्षिक फछ्र्यौट लक्ष्य ११ हजार ३२३ राखिएकामा ११ हजार २३४ मुद्दा फछ्र्यौट भएको छ। चालु आर्थिक वर्षका छ कार्यदिन बाँकी भएकाले कार्यअवधि लक्ष्यअनुसार शतप्रतिशत काम पूरा हुने अदालतको योजना रहेको छ। लक्ष्यअनुसार ८९ थान मुद्दा यस आर्थिक वर्षमा फछ्र्यौट गर्न बाँकी छ। न्यायपालिकाको पाँचौँ पञ्चवर्षीय रणनीतिक योजनाले लिएका प्राथमिकता, लक्ष्य र कार्यक्रममा आधारित भई अदालतको आर्थिक वर्ष २०८१–८२ को वार्षिक कार्ययोजनाको निर्माण काम गर्दा यही असार २५ गतेसम्म वार्षिक लक्ष्यको ९९ दशमलव २१ प्रतिशत मुद्दा फछ्र्यौट गरेको छ। कूल मुद्दामा पाँच हजार ७७३ मुद्दा फछ्र्यौट गर्न बाँकी छ। अघिल्लो आर्थिक वर्षको तुलनामा एक हजार २३२ थान मुद्दा बढी फछ्र्यौट भएको छ। अदालतमा ३६ न्यायाधीश दरबन्दी भए पनि हाल २२ जना न्यायाधीश कार्यरत हुनुहुन्छ।

### छिटो न्यायलाई प्राथमिकता

पाटन उच्च अदालतले छिटोछरितो न्याय दिने लक्ष्यका साथ अदालतमा दर्ता हुन आएका रिट निवेदनहरु अधिकांश छ महिनाभित्रै सक्ने लक्ष्यका साथ काम गरिहेको छ भने एक वर्ष नाघेका रिट निवेदनहरु बाँकी नरहेको जनाएको छ।

व्यक्ति थुनामा रहेका थुनुवा मुद्दालाई एक वर्ष ननाघ्ने गरी फछ्र्यौटलाई प्राथमिकता दिएको र निवेदन–प्रतिनिवेदन तीन महिना ननाघ्ने गरी प्राथमिकतामा राखी सुनुवाइ गरेको जनाएको छ। हाल छ महिना नाघेका रिटको संख्या १७, एक वर्ष नाघेका थुनुवा भएका मुद्दाको संख्या २८ र तीन महिना नाघेका निवेदन प्रतिवेदनको संख्या आठ बाँकी रहेको छ।

पुनरावेदन दायर भई फैसला भएका सात हजार ८ सय ४४ मुद्दाहरुमध्ये करिब १२ दशमलव ६४ प्रतिशत मुद्दा उल्टी भएको देखिन्छ भने रिट क्षेत्राधिकारतर्फ ४० दशमलव ४२ प्रतिशत रिट जारी भएको छ। अदालतबाट ५९ दशमलव ५८ प्रतिशत रिट खारेज भई अन्तिम आदेश भएको छ।

यस अदालतबाट विकास निर्माण, कर, राजस्वलगायतका विषयसँग सम्बन्धित पुराना मुद्दा बाँकी नभएको अदालतले जनाएको छ। रिट निवेदनमा अन्तरिम आदेश माग गरेको अवस्थामा अन्तरिम आदेश छलफललाई हप्तामा निश्चित दिनहरु तोकी प्राथमिकतापूर्वक सुनुवाइ गरिरहेको अदालतको रजिष्टार पौडेलले जानकारी दिनुभयो।

अदालतको मुख्य न्यायाधीश कुँवरका अनुसार समयमै इजलास बस्ने, इजलास व्यवस्थापन, कानुन व्यवसायीका सहयोगका कारण लक्ष्यअनुसार मुद्दाको फछ्र्यौट गर्न सकिएको हो। 'इजलास व्यवस्थापन सकेसम्म छिटो न्याय दिनुपर्छ भन्ने लक्ष्यअनुसार भइरहेको छ,' उहाँले थप्नुभयो, 'सेवाग्राहीको सन्तुष्टिलाई ध्यानमा राखेर काम गरिरहेका छौँ, अदालतको जनआस्था वृद्धि गर्न निरन्तर लागिरहेका छौँ, अहिलेको उपलब्धिले काम गर्ने उत्प्रेरणा बढेको छ, काम गर्न सकिने रैछ भन्ने मनोबल बढेको छ।'

### हेटौंडा इजलाससहित केही अदालतले दुई वर्ष नाघेका मुद्दा झारे शून्यमा

उच्च अदालत पाटन हेटौँडा इजलाससहित चार जिल्ला अदालतले दुई वर्ष नाघेका मुद्दालाई शून्यमा झार्न सफल भएका छन्। जिल्ला अदालतमा दोलखा, रामेछाप, नुवाकोट र धादिङले दुई वर्ष नाघेका मुद्दालाई शून्यमा झारेका छन्। जिल्ला अदालत काठमाडौँमा दुई वर्ष नाघेका मुद्दा एक हजार ९ सय ४ थान, भक्तपुरमा १ सय ३१ थान, ललितपुरमा चार थान, काभ्रेपलाञ्चोकमा ३२ थान, सिन्धुपाल्चोकमा र रसुवामा एक–एक थान, मकवापुरमा दुई थान, चितवनमा १० थान र सिन्धुलीमा ३० थान बाँकी रहेका छन्।

मुद्दा फर्स्यौट संख्यालाई हेर्दा जिल्ला अदालत काठमाडौँ र सिन्धुलीले सबैभन्दा काम फर्स्यौट गरेको देखिन्छ। काठमाडौँले ५० दशमलव १८ प्रतिशत र सिन्धुलीले ५० दशमलव १७ प्रतिशत मुद्दा फर्स्यौट गरेका छन्। सबैभन्दा बढी नुवाकोटले ७७ दशमलव ९१ प्रतिशत मुद्दा फर्स्यौट गरेको छ। त्यसपछि धादिङले ७७ दशमलव २४ प्रतिशत मुद्दा फर्स्यौट गरेको छ। जिल्ला अदालतको कम मुद्दा फछ्र्यौट भएको विषयमा मुख्य न्यायाधीश कँुवरका अनुसार मातहतका जिल्ला अदालतलाई पनि मुद्दा फछ्र्यौटमा परेका समस्याका विषयमा छलफल गरी निकास दिने प्रयास भइरहेको छ।

### छिटो मुद्दा फछ्र्यौट गर्न अदालतले गरेको प्रयास

उच्च अदालत पाटनमा पुराना मुद्दा फछ्र्यौटको दैनिक तथ्याङ्क प्रस्तुति, मासिक प्रगति समीक्षा, मातहत अदालतसमेतको मासिक र चौमासिक समीक्षामार्फत कार्यसम्पादन अवस्थाको स्वमूल्याङ्कन गरी सोहीअनुरुपका आवश्यक रणनीतिहरु अवलम्बन गरेको जनाएको छ। मुद्दाको विषयवस्तुका आधारमा शीघ्र किनारा गर्नुपर्ने प्रकृतिका मुद्दाहरूलाई अग्राधिकार दिइ सुनुवाइमा प्राथमिकता दिने, मेलमिलापलाई प्राथमिकतामा राखी उल्लेख्य सङ्ख्याका मुद्दाहरु मेलमिलापको प्रक्रिया पठाउने गरेको छ। न्यायिक कामकारबाहीमा सूचना प्रविधिसम्बन्धी विकसित पद्धति, सफ्टवेयर, मोड्युल तथा एप्लिकेशनहरुको अधिकतम प्रयोग गरी कार्यसम्पादन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउने प्रयास गरेको बताइएको छ।

### सूचना प्रविधिको प्रयोग

अदालतले सेवाग्राहीहरुको सुविधाको लागि अनलाइन तारेख तथा विद्युतीय माध्यमबाट साक्षीको बकपत्र गर्ने गरिएको, एसएमएसमार्फत मुद्दा दर्ता भएको जानकारी दिने व्यवस्था गरेको छ। न्यायमा सहज पहुँच स्थापित गर्न निःशुल्क रूपमा निवेदनका ढाँचा उपलब्ध गराउने गरिएको, अदालतमा वैतनिक कानुनी व्यवसायीमार्फत असमर्थ पक्षका लागि निःशुल्क कानुनी सेवा, वैतनिक कानुन व्यवसायीद्वारा कारागार भ्रमण गरी थुनुवा कैदीलाई आवश्यक कानुनी सेवा प्रदान गर्ने एवं मुद्दामा स्वेच्छिक 'प्रोबोनो' सेवाको परिचालन गरिएको जनाएको छ। 'सूचना प्रविधिको उच्चतम प्रयोग गरेर मुद्दालाई छिटोछरितो सम्पादन गर्ने प्रयास गरिरहेको छौँ,' मुख्य न्यायाधीश कुँवरले भन्नुभयो, 'यसले न्यायलयको जनआस्था वृद्धि गर्न सहयोग पुगेको छ।'

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# ‘महाधिवेशनले पारित गरेको विषयमा प्रश्न उठाउनु अराजकता’

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले पार्टीको १०औं राष्ट्रिय महाधिवेशनले पारित गरेको विधानका विषयमा प्रश्न उठाउनु सङ्गठनात्मक अराजकता भएको बताएका छन ।

आगामी भदौमा हुने भनिएको विधान महाधिवेशनको तयारीका सन्दर्भमा बिहिवार ललितपुरको च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा जनसङ्गठनका इन्चार्ज र पदाधिकारीहरुको भेलालाई सम्बोधन गर्दै उनले आफू सहभागी भएर पारित गरेको विधानका बारेमा प्रश्न उठाउनु सङ्गठनात्मक अराजकता भएको बताए ।

महासचिव पोखरेलले विधान महाधिवेशनले अन्तिम रुप दिएका कतिपय प्रावधान तत्कालीन आवश्यकताका आधारमा राष्ट्रिय महाधिवेशनले संशोधन गर्न सक्ने धारणा राखे । ‘दुवै महाधिवेशनका प्रतिनिधि भएर त्यस्ता प्रावधान आफैं अनुमोदन गर्ने अनि अहिले आफैं प्रश्न गर्दै हिँड्ने कुरा अनैतिक हो,’ उनले भने, ‘राष्ट्रिय महाधिवेशनले पास गरेका विषयमा टिप्पणी गर्दै हिँड्ने कुरा अनुशासनहीन र अराजक हो । जसले यस्ता गतिविधि गर्दछ त्यसको प्रतिवाद गर्नुपर्दछ ।’

उनले पार्टी र नेतृत्व विरुद्धको आक्रमण गतवर्ष पार्टीका अध्यक्ष केपी शर्मा ओलीले सरकारको नेतृत्व गरेदेखि झनै बढेको बताए । एमाले सरकारमा रहेको धेरैलाई मन नपरेकाले अनेक लाञ्छना लगाएर हरेक दुई महिनामा सरकार परिवर्तनको हल्ला फैलाइने गरेको उनको भनाइ छ ।

‘विधान महाधिवेशन हो राष्ट्रिय महाधिवेशन होइन । त्यसैले अहिले कुनै नेताका नाममा कित्ताकाट हुनु जरुरी छैन’, उनले भने, ‘जतिबेला जे काम पर्छ त्यही गर्नुहोस । नीति र नेतृत्व निर्माणको भिन्नता नेताहरुले थाहा पाउनुहोस ।’

महासचिव पोखरेलले जनसङ्गठनमा हालै भएका महाधिवेशनका दस्तावेज केन्द्रीय कार्यलयमा साता दिनभित्र पठाउन निर्देशनसमेत दिए ।

पार्टी स्थायी कमिटी सदस्य एवं जनसङ्गठन संयन्त्रका प्रमुख भानुभक्त ढकालले पार्टीको निर्णयविरुद्ध नबोली नेता भइँदैन भन्ने मानसिकता त्याग्न आग्रह गरे । भेलालाई केन्द्रीय सदस्यद्वय विष्णु रिजाल, रचना खड्कालगायतले पार्टीको विधि र विधान विपरीत नबोल्न नेता तथा कार्यकर्तालाई आग्रह गरे ।रासस

# बाढीपीडितको उद्धार राहत तथा पुनःस्थापनामा जोड

काठमाडौँ।
सांसदहरूले ‘सुप्राग्लेशियल लेक’ (हिमताल) फुट्दा गत मङ्गलबार बिहान रसुवास्थित नेपाल–चीन सीमास्थित ल्हेन्दे खोलामा आएको बाढीबाट धनजनको क्षति भएकाले उद्धारको पर्खाइमा रहेकाको तत्काल उद्धार, राहत व्यवस्थापन र पुनःस्थापनामा जोड दिएका छन।

बिहिवार सङ्घीय संसद्, राष्ट्रियसभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको बैठकमा उनिहरूले विपद्सँग जुध्न, प्रकोपपूर्व, प्रकोप परिसकेपछि आपतकालीन चरण र पुनःस्थापनाको चरणमा सरकारले प्राथमिकताका साथ नीति कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिए।

समितिका सभापति मायाप्रसाद शर्माले बाढीपीडितलाई समयमा उद्धार, राहत, पुनःस्थापना तथा पुनःनिर्माण गर्नुपर्ने तथा बस्ती र पूर्वाधार विपद्मैत्री निर्माण गर्नुपर्नेमा जोड दिए। सांसद पदम परियारले बाढीबाट क्षति पुगेकालाई तत्काल राहत उपलब्ध गराउनुपर्ने र भत्किएका संरचना छिटोभन्दा छिटो पुनःनिर्माण गर्नुपर्ने बताए।

‘हामीले विपद्का घटनापछि मात्र होइन, विपद् कसरी न्यूनीकरण र व्यवस्थापन गर्ने भन्नेमा उत्तिकै प्राथमिकता दिनुपर्छ,’ उनले भने, ‘हाम्रो पूर्वतयारीको अवस्था निकै कमजोर छ । तसर्थ पूर्वतयारी र प्रतिकार्यमा लगानी बढाउनुपर्छ।’

सांसद रुक्मिणी कोइरालाले उद्धार र राहत व्यवस्थापन समयमै गर्नुपर्ने तथा नाका खुलाउनुपर्नेमा जोड दिए। सांसद रेणु चन्दले विपद् व्यवस्थापन र पुनःस्थापनामा ध्यान दिन सरकारलाई सुझाव दिईन । सांसद मदनकुमारी शाहले जतिबेला मनसुनजन्य विपद्को समस्या आउँछ, त्यतिबेलाभन्दा अग्रिम पूर्वतयारी आवश्यक रहेको बताईन। ‘विपद्पछि हामी उद्धार, राहत र पुनःस्थापनामा त फोकस गर्छौं, तर पूर्वतयारी कसरी गर्ने र विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ भन्नेमा ध्यान दिन सक्दैनौं,’ उनले भने, ‘पूर्वतयारी र पूर्वसूचनालाई प्राथमिकता दिँदै नीतिमा पुनर्विचार आवश्यक छ।’

सांसद श्रीकृष्ण अधिकारी, नरबहादुर विष्ट, सुमित्रा विसीलगायतले विपद्बाट पाठ सिक्नुपर्ने तथा पुनःस्थापना र उद्धार समयमा गर्नुपर्नेमा जोड दिए । जल तथा मौसम विज्ञान विभागले हिमताल विस्फोटबाटै गत मङ्गलबार बिहान रसुवास्थित नेपाल–चीन सीमामा रहेको ल्हेन्दे खोलामा बाढी आएको प्रारम्भिक निष्कर्ष निकालेको छ । विभागले ‘सेन्टिनेल’ उपग्रहबाट गरेको अध्ययनले हिमताल फुटेर बाढी आएको जनाएको छ।

विभागका बाढीविद् विनोद पराजुलीले सुप्राग्लेशियल लेक फुट्दा बाढी आएको प्रारम्भिक अनुमान गरिएको जानकारी दिए ।रासस

# मजदुरको न्यूनतम पारिश्रमिक कायम गर्न माग

**मोरङ।**
कोशी प्रदेशका सामाजिक विकासमन्त्री पाँचकर्ण राईले मजदुरको जीवनयापनका लागि पुग्ने न्यूनतनम पारिश्रमिक वृद्धि गर्ने प्रतिबद्धता व्यक्त गरेका छन।




संयुक्त ट्रेड युनियन समन्वय केन्द्रमार्फत ‘न्यूनतम पारिश्रमिक वृद्धि र श्रम कानुन कार्यान्वयन’सम्बन्धमा जिफन्टका केन्द्रीय अध्यक्ष विनोद श्रेष्ठले बिहिवार बुझाउनुभएको चार बुँदे ज्ञापनपत्र बुझ्दै उनले मजदुरको सहज जीवनयापनका लागि पुग्ने पारिश्रमिक निर्धारण गर्न÷गराउन प्रदेश सरकारले रोजगारदातासँग छलफल गरी कार्यान्वयन गराउने बताए।

मन्त्री राईले मजदुरहरूले मुलुकमा प्रजातन्त्र, लोकतन्त्रसहित सङ्घीयता स्थापनामा महत्त्वपूर्ण योगदान पु¥याएका चर्चा गर्दै श्रमिकको परिवारको पालनपोषणका लागि न्यूनतम पारिश्रमिक उपलब्ध गराउन आफूले सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले मुलुकमा औद्योगिक उत्पादन वृद्धि गरी समृद्धि कायम गर्न मजदुरको महत्त्वपूर्ण भूमिका रहेको बताए । जिफन्टका केन्द्रीय अध्यक्ष श्रेष्ठले मजदुरको न्यूनतम पारिश्रमिक ३० हजार ४४३ रुपैयाँ हुनुपर्ने आफ्नो माग रहेको बताए।

जिफन्टका प्रदेश अध्यक्ष किशोर धमला, ट्रेड युनियन कांग्रेसका प्रदेश अध्यक्ष नारायणबाबु कार्कीलगायतले मजदुरको न्यूनीयन पारिश्रमिक वृद्धि गरी सबै श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको व्यवस्था गराउनुपर्नेमा जोड दिए ।यसअघि समन्वय केन्द्रले संसारीमाईस्थानमा निकालेको जुलुसले नगरको मुख्यमुख्य भागको परिक्रमा गरी महेन्द्र चोकमा पुगेर कोणसभामा परिणतमा परिणत भएको थियो। रासस

# कारबाहीमा पुनःविचार गर्न सभापतिलाई अनुरोध गरिने

**काठमाडौँ।**
नेपाली कांग्रेसका नेता डा शेखर कोइराला पक्षधरले पार्टी अनुशासन आयोगले गरेको कारबाही विधान विपरीत र एकातर्फी भएको आरोप लगाएका छन।



नेता डा कोइरालाको सम्पर्क कार्यालयमा बिहिवार बिहान बसेको सो समूहको बैठकले पार्टी नेतामाथि भएको कारबाही विधान विपरीत र एकतर्फी भएकाले कारबाही प्रक्रिया अगाडि नबढाउन सभापति शेरबहादुर देउवासमक्ष अनुरोध गर्ने निर्णय गरेको सांसद् राजेन्द्र बजगाईँले जानकारी दिए । बैठकमा उपसभापति धनराज गुरुङले कसैलाई पनि काखापाखा नगरिकन एकढिक्का गरी सशक्त रुपले पार्टीलाई अघि बढाउने काम भइरहेको अवस्थामा अनुशासन आयोगमार्फत एक्कासि कारबाहीको नाम सार्वजनिक गरिएकोमा दुःख व्यक्त गरे । बैठकमा नेता कोइरालासहित उपसभापति गुरुङ, सहमहामन्त्री जीवन परियार, नेताहरु अर्जुननरसिंह केसी, बलबहादुर केसी, डा मीनेन्द्र रिजाल, अनुशासन समिति सदस्य सञ्जय गौतमलगायतको उपस्थिति थियो ।रासस

# ऐनहरु कार्यान्वयन अघि ‘कुलिङ पिरियड’को प्रस्ताव

**काठमाडौँ।**
संघीय संसद् अन्तर्गत रहेको अर्थ समितिको बैठकमा ऐनहरु जारी भइसकेपछि तत्काल कार्यान्वयन नगरी ‘कुलिङ पिरियड’ को व्यवस्था गर्नुपर्ने विषय उठान गरिएको छ।



बिहीबार बसेको अर्थ समितिको बैठकमा सांसद् सोबिता गौतमले ऐन जारी भएको कम्तिमा तीन वर्षको कुलिङ पिरियड राख्नुपर्ने बताएकी हुन्।

उनले भनिन्, ‘यहाँ कुलिङ पिरियड राख्नुपर्छ भन्ने हो। ऐन जारी भएको तीन वर्षपछि लागु हुनेछ भनेर राख्नुपर्छ। प्रस्तावित व्यवस्था तत्काल कार्यन्वयन गर्दा प्रभावकारी नहुने र समस्या उब्जिने देखिएकाले कार्यान्वयन गर्न केही समय अर्थात तीन वर्ष राखिनुपर्छ भनेको हो । यसबारे समितिमा छलफल गरी मिलाउन सकिन्छ।’

उनले प्रायजसो ऐन बनाउँदा तुरुन्त कार्यान्वयन हुनेछ भनी उल्लेख गरेपनि कार्यान्वयनको चरणमा समस्या भइरहेको भन्दै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक अत्यन्तै महत्वपूर्ण रहेको भन्दै यसलाई व्यवस्थित गर्न समय छुट्याउनु पर्ने बताइन्।

‘यो अत्यन्तै महत्वपूर्ण विधेयक हो । यसको कार्यान्वयनको चरणमा प्रायजसो ऐन बनाउँदा तुरुन्त कार्यान्वयन हुनेछ भनेर लेख्छौ तर व्यवस्थित गर्नका लागि समयसँगै अन्योल हुनेगर्छ।

ऐन जारी गर्दा विधेयकमा स्पष्टसँग कुलिङ पिरियडको व्यवस्था गर्नसके सहजीकरण गर्न सकिन्छ,’उनले भनिन्।

यसैगरी समितिको बैठकमा राजस्व सचिव दिनेश घिमिरेले बैंकिङ पहुँच, यसको प्रभावकारीता र यसको प्रतिफलको विषयमा सैद्धान्तिक रुपमा नै छलफल भइरहेको बताए।

उनले भने, ‘यसलाई समावेशी बनाउने दिशातर्फ पनि छलफल केन्द्रित गरेको छ । धेरै अधिकारप्राप्त व्यक्ति हुन्छ, त्यसको पावर कम गर्दै लैजानुपर्छ, त्यसलाई भरसक विधेयकमै मिलाउनुपर्छ । धेरै स्वेच्छाचारिता हुँदैन र स्वविवेकी अधिकारहरूलाई सीमित गर्न सकिन्छ र प्रभावकारी काम गर्न सकिन्छ भन्ने छ ।

जतिसम्म हामी व्याख्या गरेर यो विधेयकमा राख्न सक्छौं, त्यसमा हामी उन्नत प्रयास गरिरहेका छौं।’

उनले ‘कुलिङ पिरियड’ को सम्बन्धमा आवश्यक नीतिगत व्यवस्था गर्नका लागि गृहकार्य भइरहेको समेत जानकारी दिए।

# त्रिवि वार्षिक साधारणसभाः ६३औँ ग्रेस लिष्ट पारित

**काठमाडौँ।**
त्रिभुवन विश्वविद्यालयको वार्षिक साधारणसभा बैठकले विभिन्न संकाय र तहमा उत्तिर्ण भएका ८९ हजार एक सय ९१ विद्यार्थीहरुसहितको ६३ औँ ग्रेसलिष्ट पारित गरेको छ।

प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीका अध्यक्षतामा प्रधानमन्त्री निवास, बालुवाटारमा बिहिवार सम्पन्न बैठकले रजिष्ट्रार प्राडा केदारप्रसाद रिजालद्वारा प्रस्तुत ग्रेस लिष्ट पारित गरेको हो। बैठकमा आर्थिक वर्ष २०८२÷८३ का लागि बजेट तथा कार्यक्रम प्रस्तुत भएको छ । कुलपति ओलीले विश्वविद्यालयलाई २१औँ शताब्दीको समय सुहाउँदो प्रतिस्पर्धी र सक्षम विश्वविद्यालयका रुपमा स्थापित गर्न आग्रह गरे । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं सहकुलपति रघुुजी पन्तले ‘समृद्ध नेपाल, सुखी नेपाली’ को राष्ट्रिय सङ्कल्प पूरा गर्न शिक्षा क्षेत्रको महत्वपूर्ण भूमिका हुने भएकाले विश्वविद्यालयले त्यस अनुसार काम गर्नुपर्नेमा जोड दिए।

नवनियुक्त उपकुलपति प्राडा दीपक अर्यालले विश्वविद्यालयमा कुल विद्यार्थीको कम्तीमा एक प्रतिशत (करिव चार हजार) विदेशी विद्यार्थी हुने गरी लाग्नुपर्ने बताए।रासस

# कार्यदिशा विस्तारित एवम् खुकुलो र लचिलो हुनुपर्ने

**काठमाडौँ।**
नेपाल चेम्बर अफ कमर्सले मौद्रिक नीतिमा समावेश गर्नुपर्ने विषय समेटिएको ३५ बु“दे सुझाव नेपाल राष्ट्र बैंकका गर्भनर डा विश्वनाथ पौडेल समक्ष पेश गरेको छ।

चेम्बर अध्यक्ष कमलेश कुमार अग्रवालले आर्थिक र वित्तीय क्षेत्रलाई चलायमान बनाउन सहयोग हुने गरी ३५ बु“दे सुझाव गर्भनर डा. पौडेललाई बुझाएका हुन्।

बजेट र मौद्रिक नीतिको प्रभावकारी समन्वय मार्फत आर्थिक र वित्तीय क्षेत्रलाई चलायमान बनाउनुपर्ने भएकाले गर्भनर समक्ष विभिन्न नीतिगत सुझावहरु पेश गरिएको अध्यक्ष अग्रवालले बताए।

आर्थिक गतिविधीमा आएको संकुचनले माग र आपूर्तिबीच असन्तुलन, निजी क्षेत्रको सम्पत्तिमा संकुचन एवं बैंक तथा वित्तीय संस्थामा तरलता भएपनि निजी क्षेत्रमा लगानीप्रति आर्कषण हुन नसकेको चेम्बरले उल्लेख गरेको छ।

चेम्बरद्धारा जारी विज्ञप्तिमा भनिएको छ, ‘व्यवसायीहरुलाई उद्योग व्यवसायको प्रकृति हेरेर आवश्यक्ता अनुसार बैंक तथा वित्तीय संस्थासंगको आपसी विश्लेषणबाट केही समयका लागि कर्जाको पुर्नतालिकीकरण गर्न सकिएमा यसले पीडित उद्यमी व्यवसायीहरुमा ठूलो आत्मविश्वास सिर्जना गर्न सकिन्छ । बैंकको किस्ता र ब्याज तिर्न् नसकेर बैंक खातामा नगद जम्मा गर्न नपाएर उद्यमी व्यवसायीहरु दुरत गतिमा कालोसूचिमा पर्न थालेको चेम्बरले उल्लेख गरेको छ ।चेम्बरद्धारा जारी विज्ञप्तिमा भनिएको छ,‘ तीन बर्षभित्र एक लाख भन्दा बढी उद्यमी व्यवसायीहरु कालोसूचिमा परेका छन । कालोसूचिमा पर्न लागेका उद्यमी व्यवसायीहरुलाई उद्योग व्यवसायको प्रकृति हेरेर आवश्यक्ता अनुसार बकै तथा वित्तीय संस्था संगको आपसी विश्लेषणबाट केही समयका लागि कर्जाको पुर्नतालिकीकरण गर्न सकिएमा यसले पीडित उद्यमी व्यवसायीहरुमा ठूलो आत्मविश्वास सिर्जना गर्न सकिन्छ र धेरै उद्यमी व्यवसायीलाई धरासायी हुनबाट जोगाउन सकिन्छ।’

आगामी आर्थिक वर्षको मौद्रिक नीति मार्फत निजी क्षेत्रको मनोवल उच्च राख्न विगतका दायित्व भुक्तानीका लागि उद्योग व्यवसायसको प्रकृति एवं अवस्था हेरेर आर्थिक पूर्नउत्थानलाई पहिलो प्राथमिकतामा राख्न पनि चेम्बरले आग्रह गरेको छ।

यस्तै मौद्रिक नीतिको आगामी कार्यदिशा पुर्ण रुपले विस्तारित एवं खुकुलो र लचिलो हुनुपर्नेमा पनि चेम्बरले जोड दिएको छ । निजी क्षेत्रमा जाने कर्जालाई सहजीकरण भए अधिक तरलताको समस्या हल हुने चेम्बरद्धारा जारी विज्ञप्तिमा उल्लेख छ ।उद्यमी व्यवसायीहरुलाई चालु पुँजीको उपलव्धता सरल र सहज तवरले हुनुपर्ने एवं चालुपुँजी कर्जा निर्देशिकालाई खारेज गर्नुपर्ने चेम्बरले जनाएको छ।

घरजग्गा कारोबारलाई थप गति दिन ५० लाख भन्दा माथीको कर्जाका शतप्रतिशत जोखिमभार कायम गरिनुपर्ने चेम्बरले जनाएको छ । यस्तै घरजग्गाको कर्जा प्रवाहमा हुने मुल्याङकनको सीमा ८०–२० को रेसियो कायम गरिनुपर्नेमा चेम्बरले जोड दिएको छ।

चेम्बरको सुझाव पछि गर्भनर डा. पौडेलले वित्तीय क्षेत्रलाई चलायमान बनाउने गरी नै आगामी आर्थिक बर्षको मौद्रिक नीति तय हुने प्रतिवद्धता जनाएका छन् । नेपाल चेम्बर अफ कमर्सको सुझावलाई राष्ट्र बैंकले ग्रहण गर्ने डा पौडेलले बताएका छन्।

# नयाँ स्टक एक्सचेन्जलाई लाइसेन्समा हतार नगर्न सुझाव

**काठमाडौँ।**
बिहीबार बसेको अर्थ समितिको बैठकमा नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्जसँग समसमायिक विषयमा छलफल भएको छ ।उक्त समितिको दोस्रो सत्रको बैठकमा नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्जसँग समसमायिक विषयमा छलफल भएको हो ।उक्त नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्जसँग समसमायिक विषयमा छलफल गर्दै नेकपा (माओवादी केन्द्र) का उपमहासचिव एवं पूर्वअर्थमन्त्री वर्षमान पुनले नयाँ स्टक एक्सचेन्जलाई लाइसेन्स दिन हतार गर्न नहुने बताएका छन् ।पुनले पहिले नेपाल स्टक एक्सचेन्ज (नेप्से) को पुनर्संरचना गरेर केही समय हेर्नुपर्ने बताएका हुन् ।उनले भने, ‘अहिले नै नयाँ स्टकको लाइसेन्स दिन हतार गर्नु हुँदैन, नेप्सेको पुनर्संरचना गरेर हेर्नुपर्छ । यदी, चाहिने नै रहेछ भने पछि दिंदा पनि हुन्छ, निजी क्षेत्रका लगानीकर्ता नेप्सेमा भित्र्याउन सरकार स्पष्ट हुनुपर्छ । पहिले लाइसेन्स दिएर नेप्सेको पुनर्संरचना अलमलमा पार्नु हुँदैन ।’ यसैगरी नेपाल धितोपत्र बोर्ड (सेबोन) का अध्यक्ष सन्तोषनारायण श्रेष्ठले नयाँ स्टक एक्सचेन्ज चाहिने बताए । उनले विभिन्न अध्ययनको निष्कर्षले नयाँ स्टक चाहिने देखाएको भन्दै दोस्रो स्टक एक्सचेन्ज चाहिने बताए ।उनले भने, ‘दोस्रो स्टक एक्सचेन्जको विषयमा धेरै अगाडिबाट विभिन्न चरणमा अध्ययन भएको अवस्था छ । सबै स्टडीले दोस्रो स्टक एक्सचेन्ज दिंदा हुन्छ भन्ने नै मेरो बुझाइ छ, मैले देखेको पनि त्यही हो । म आइसकेपछि सरकारबाट जे निर्देशन आएको छ, म त्यहीअनुसार अगाडि बढेको छु।’ साथै उनले सार्वजनिक लेखा र अर्थ समितिको दुईथरी निर्देशनले आफूहरू अन्योलमा परेको बताए। उनले सार्वजनिक लेखा र अर्थ समितिको दुईथरी निर्देशनले आईपीओ स्वीकृतिमा अन्योलता भएको बताए । उनले भने, ‘९० भन्दा मुनि नेटवर्थ हुने कम्पनीलाई आईपीओ जारी नगर्न लेखा समितिले निर्देशन दिएको थियो । अर्थ समितिले ठीक विपरीत ९० नेटवर्थ भन्दा मुनि हुने कम्पनीलाई आईपीओ जारी गर्न निर्देशन दियो। यसरी दुई वटा समितिको कुरा बाझिँदा अन्योल भयो । दुई वटा समितिको निर्देशन यसरी आउँदा कसरी अगाडि बढ्ने ? अन्योलता सिर्जना भएको छ।’

# जीविकोपार्जनको माध्यम बन्दै कबुलियती वन

**गोरखा ।**
कमजोर आर्थिक अवस्था भएका समुदायलाई कबुलियती वनले जीविकोपार्जनमा सहयोग पु¥याएको छ । कबुलियत वन समहूबाट यहाँको गण्डकी गाउँपालिकाका सयौँ घरधूरी लाभान्वित भएका छन् ।

गण्डकी गाउँपालिका–२ बिच्छेगैराकी चन्द्रमाया चेपाङले कबुलियत वन समूहमार्फत बाख्रापालन गर्दै आएका छन । उनि २०६२ सालदेखि कबुलियती वन समूहमा आबद्ध हुनुभएको हो । कबुलियती वन बन्नु अघि गाउँभरिका डाँडामा वनमारा थिए । वनबाट आम्दानी हुन्छ भन्ने गाउँलेलाई थाहा थिएन ।

त्यही बेला जिल्ला वन कार्यालयले गण्डकी गाउँपालिकालगायत जिल्लाको विभिन्न स्थानमा १३१ वटा कबुलियती वन समूह गठन गऱ्यो । ‘समूह गठन भएपछि पाल्पाको अम्रिसो खेती हेर्न गयौँ । अग्लो पहाडभरि अम्रिसो देखेपछि हामी पनि केही गर्न सक्छौँ भन्ने लाग्यो’, उनले भने ।

चन्द्रमायाको बिच्छेगैरा ‘क’ कबुलियती वन समूहमा छ घरधुरी आबद्ध छन् । उनीहरु सबै जना चेपाङ समुदायका हुन् । पर्याप्त जग्गा नभएका उनीहरु हाल कबुलियत वनमार्फत बाख्रापालनमा आबद्ध छन् । साथै, मौरीपालन पनि गरिरहेका छन् ।

‘आफ्नो जग्गा जमिन थिएन, वन पनि खाली थियो । पहिला २–४ वटा बाख्रापाल्न मुस्किल हुन्थ्यो ।

अहिले हरेकको घरमा २०–२५ वटा बाख्रा छ’, उनले भने, ‘समूहमार्फत वनमा विभिन्न उन्नत जातको डाले घाँस, भुइँ घाँस लगाएका छौँ । बाख्रा बेचेरै मज्जाले घर खर्च चल्छ अहिले ।’ केही गर्छु भन्ने समूहहरुलाई कबुलियती वन कार्यक्रमले धेरै सहयोग पु¥याएको उनीहरुको भनाइ छ । बाख्रा बेचेर मात्र सो समूहका सदस्यले वार्षिक दुई लाखभन्दा बढी आम्दानी लिने गरेका छन् ।

चालु आर्थिक वर्षमा सो समूहमा टिमुर खेतीको कार्यक्रम सञ्चालन गरिएको छ । कार्यक्रमअन्तर्गत बिच्छेगैरा ‘क’ को २.१० हेक्टर क्षेत्रफलमा करिब ६०० बोट टिमुर रोपिएको चन्द्रमायाले बताए । ‘राम्रो उत्पादन गर्न सके टिमुर खेतीबाट आम्दानी गर्न सकिन्छ’, उनले भने । गण्डकी गाउँपालिका–२ मा मात्र १० वटा कबुलियती वन समूह छन् ।

गण्डकी गाउँपालिका–८ का नेत्र श्रेष्ठ स्थानीय कबुलियती वन समूहमार्फत अम्रिसो खेती गरि रहेका छन । ‘यसअघि वनमा डाले घाँस मात्र लगाएका थियौँ । यो वर्षदेखि अम्रिसो खेती सुरु गरेका छौँ’, उनले भने, ‘बाख्रापालनबाट राम्रो आम्दानी भइरहेको छ । अब अम्रिसो उत्पादन गर्न सके आम्दानीको स्रोत बढ्ने थियो ।’

चालु आर्थिक वर्षमा गण्डकी सव–डिभिजन वन कार्यालयले कबुलियती वन समूहहरुमा अम्रिसो खेती, टिमुर खेती र डाले घाँसको विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । गण्डकी गाउँपालिका र सहिद लखन गाउँपालिकाको ४, ५ र ६ वडामा यी कार्यक्रम सञ्चालन गरेको गण्डकी सव डिभिजन वन कार्यालयका रवि यादवले बताए । कार्यालयले विभिन्न कबुलियती वन समूहमा दुई हजार २०० बोटका दरले टिमुर, डाले घाँस र अम्रिसो लगाएको उनले जानकारी दिए ।

जिल्लामा कबुलियती वनमार्फत कृषि, पशु विकास तथा भूक्षय नियन्त्रणका कार्यक्रम सञ्चालन गरिएको डिभिजन वन कार्यालय गोरखाका प्रमुख मदन मोहन शाण्डिल्यले बताए । सामुदायिक वनलाई टुक्याएर जनतालाई कबुलियती वन हस्तान्तरण गरेपछि आयआर्जनको बाटो खुलेको उनले बताए ।

‘आदिवासी, जनजाति, दलित तथा विपन्न घरपरिवारलाई कबुलियती वन दिइएको छ’, उनले भने, ‘कबुलियती वनको अवधारणले गरिबी निवारणका साथै हैसियत बिग्रिएका वनहरु हराभरा बनाउन सहयोग गरेको छ ।’ उनका अनुसार हाल जिल्लामा २८३ वटा कबुलियती वन समूह छन् ।रासस

# गोल्डेन हस्पिटलद्वारा उपचारमा छुटको व्यवस्था

**विराटनगर ।**
गोल्डेन हस्पिटल विराटनगरले नेपाल सरकारको आमजनतालाई ‘सर्वसुलभ स्वास्थ्य सेवा’ उपलब्ध गराउने नीतिलाई सहयोग पु¥याउने गरी स्वास्थ्य उपचारमा छुटको व्यवस्था गर्ने भएको छ ।

निजी क्षेत्रद्वारा सञ्चालित सो अस्पतालले बुधवार पत्रकार सम्मेलनमार्फत सस्तो र गुणस्तरीय सेवा प्रदान गरी सरकारी नीति तथा कार्यक्रमलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

सो अस्पतालका प्रबन्धनिर्देशक डा श्यामकुमार रौनियारले आमजनताको आयशक्ति घटिरहेको मुलुकको विद्यमान असहज परिस्थितिलाई दृष्टिगत गरी यथासक्य छुटको व्यवस्थासहित सेवाग्राहीलाई राहत दिने प्रतिबद्धता व्यक्त गरे । उनले यसअघि लिइदैआएको सेवाशुल्कमा २५ देखि ५० प्रतिशतसम्म छुट दिन लागिएको स्पष्ट गरे ।

मातृ तथा शिशु मृत्युदर घटाउने, विशेषज्ञ चिकित्सकद्वारा सुरक्षित र भरपर्दो शल्यक्रिया सुनिश्चित गर्ने, पाँच वर्ष मुनिका बालबालिकालाई सघन उपचार बाहेकका सेवामा २५ प्रतिशत छुट दिने र ८० वर्ष माथिका ज्येष्ठ नागरिकलाई ५० प्रतिशतसम्म छुट दिने व्यवस्था मिलाएको उक्त अस्पतालले जनाएको छ ।रासस

# लम्पी स्किनबाट झापामा १० हजार पशु सङ्क्रमित

**झापा ।**
लम्पी स्किन रोगको सङ्क्रमणबाट एक वर्षभित्र यहाँ १० हजारभन्दा बढी गाईगोरु सङ्क्रमित भएका छन् । केही महिनायता संक्रमित १४२ गाईगोरु मरिसकेका छन् ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापाकी प्रमुख शितल भट्टराईका अनुसार रोग नियन्त्रणका लागि जिल्लाका १५ वटै पालिकामा खोप सञ्चालन भइरहेको छ । हालसम्म रोग नियन्त्रणका लागि जिल्लामा ५८ हजार गाईगोरुलाई खोप लगाइएको छ ।

जिल्लामा सबैभन्दा बढी यो रोगको सङ्क्रमण मेचीनगर नगरपालिका र बाह्रदशी गाउँपालिकामा देखापरेको उनले बताए । उनले गर्मी बढेसँगै लम्पी स्कीन रोगको सङ्क्रमण फैलिरहेको बताए । ‘यो रोग लामखुट्टे, भुसुना, झिंगा, किर्ना आदिको टोकाइबाट फैलिन्छ’, उनले भने, ‘रोग नियन्त्रणका लागि किसानका प्रत्येक गोठसम्म पुगेर निःशुल्क खोप अभियान सञ्चालन गरिरहेका छौं ।’ उनले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय कोशीबाट ७७ हजार पाँच सय वटा खोप जिल्लामा आएको बताए ।

यो रोग लागेका गाईगोरुमा ज्वरो आउने, शरीरको विभिन्न भाग तथा भित्री तहमा गाँठागुठी देखिने, गाँठागुठीमा पानी बग्ने र पाक्ने गर्दछ । केन्द्रकी प्रमुख भट्टराईले विगतमा खोप लगाएका गाईगोरुमा सो समस्या नदेखिएको बताए । उनको भनाई छ, ‘पहिल्यै खोप लगाएका गाईबस्तुमा रोग देखिएको छैन, नयाँ जन्मिएका बाछावाछी र बाहिरबाट खरिद गरेर ल्याइएका नयाँ गाईगोरुमा मात्र यसको जोखिम तीव्र मात्रामा देखिएको छ ।’

उनले चालू आर्थिक वर्ष २०८१ / ८२ मा गाईभैँसीमा देखिने बाँझोपन निवारणका लागि जिल्लाका ७२ वटा फार्ममा पुगेर अवलोकन गरी एकीकृत शिविर सञ्चालन गरेको बताए । यसैगरी सोही अवधिमा प्राकृतिक विपद्बाट पशुधनमा भएको क्षतिका १३ निवेदन आएको उनले बताए । सोही निवेदनका आधारमा कार्यालयले छ हजारदेखि ७८ हजार रुपैयाँ सम्म राहत स्वरुप प्रदान गर्दै आएको उनले जानकारी दिए ।रासस

# बन्दीपुरमा ‘आफ्नो गाउँः रमाइलो बनाउँ’ कार्यक्रम

**तनहुँ ।**
जिल्लाको पर्यटकीय नगरी बन्दीपुरले ‘आफ्नो गाउँः रमाइलो बनाउँ’ अभियानमार्फत हरेक बस्तीलाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्ने भएको छ । गाउँपालिकाले पर्यटनलाई उच्च प्राथमिकतामा राख्दै हरेक बस्तीलाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्न साझेदारी गरी ग्रामीण सौन्दर्यीकरण तथा उज्यालो बन्दीपुर र ढुङ्गा छपनीको कार्यक्रमलाई अगाडि बढाउन लागेको हो ।



गाउँपालिकाले एसियाको ठूलो दाबी गरिएको सिद्धगुफा, पातलद्वार गुफा, शङ्खे गुफालगायत गुफाको संरक्षण र प्रवद्र्धन गरी पर्यटकीय गतिविधि सञ्चालन गर्ने नीति लिएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिए । उनले भने, ‘बन्दीपुर स्वदेशी तथा विदेशी पर्यटकको आकर्षक गन्तव्यस्थल हो । पर्यटकीय क्षेत्र भएकाले हामीले पर्यटनलाई उच्च प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम बनाएका छौँ ।’

थापाले पर्यटनबाट बन्दीपुरको राजस्वलाई वृद्धि गर्न विभिन्न पर्यटकीय पार्क तथा पर्यटनमैत्री खेलमा सहभागी गराइ दस्तुर सङ्कलनलाई विस्तार गरिने बताए । बन्दीपुरभित्र बाइसेचौबिसे राज्यको पालाका चर्चित गढी हुस्लाङकोट, चन्द्रकोटको र अन्य गढीहरूको इतिहास अध्ययन गरी यसको संरक्षण गरिने उनले उल्लेख गरे ।

बन्दीपुरको शिरका रूपमा रहेको थानीमाइ मन्दिर र मुकुन्देश्वरी दरबार संरक्षण गरी मन्दिरको निर्माण गर्ने बताउँदै थापाले पर्यटनमैत्री पूर्वाधार निर्माणलाई मणिमुकुन्दसेन पदमार्ग, ‘रकगार्डेन’ र रकम ‘क्लाइम्बिङ’ निर्माणलाई निरन्तरता दिने जानकारी दिए । उनले भने, ‘पदमार्ग पर्खालले यहाँ आउने पर्यटकको ध्यान खिचेको छ । यसको काम अन्तिम चरणमा पुगिसकेको छ । मिनी ग्रेटवालका रूपमा परिचित यसलाई आगामी वर्षभित्रै निर्माण सम्पन्न गर्नेछौँ ।’

बन्दीपुरको धार्मिक पर्यटन प्रवद्र्धन गर्नका लागि यहाँ परापूर्व कालदेखि मान्दै आइएका मठमन्दिर मुकुन्देश्वरी, थानीमाइ, खड्कमाय, भुत्याइ बराह, सन्तानेश्वर महादेव, मुलपानीका महादेव मन्दिर, तीनधारा महादेव, पहाडपानीको महादेव मन्दिर संरक्षण र सम्वद्र्धन गरी यसलाई पर्यटनसँग जोड्ने लक्ष्य लिइएको थापाले बताए ।

उनले भने, ‘यहाँको दिगो पर्यटन विकास र पर्यटकको बसाइँ अवधि लामो बनाउनका लागि छिमेकी पालिकाहरूसँगको समन्वयमा विभिन्न पर्यटकीय स्थानको प्रवद्र्धन र विकास गरिनेछ ।’

सहासिक पर्यटनको प्रचुर सम्भावना रहेको ‘रकक्लाइम्बिङ’, ‘प्याराग्लाइडिङ’, ‘साइक्लिङ’, ‘क्यानोनिङ’, जलविहारलगायत खेलको प्रवद्र्धन गर्दै कार्यक्रम सञ्चालन गरिने गाउँपालिकाका अध्यक्ष थापाले जानकारी दिए । उनका अनुसार यहाँ जापान, चीन, इटाली, स्पेन, नेदरल्याण्ड, फ्रान्स, अमेरिका, जर्मनी, डेनमार्क, पाकिस्तान, अष्ट्रेलिया, बेलायत, आयरल्याण्ड, दक्षिण कोरिया, बेल्जियम, थाइल्याण्ड, ताइवान, स्वीटजरल्याण्ड, मलेसिया, होल्याण्ड, पोर्चुगल, चेक रिपब्लिक, इरान, भारत, ग्रिस, अर्जेन्टिनालगायत देशका पर्यटक आउने गरेका छन् ।

खड्गदेवी मन्दिर, थानीमाइ मन्दिर, महालक्ष्मी मन्दिर, सिद्धगुफा मणिमुकुन्दसेन पैदलयात्रा (मिनी ग्रेटवाल), तीनधारा, झरना र पानीको फोहरा, टुँडिखेल, मणिमुकुन्द सेन दरबार, पदम पुस्तकालयलाई गाउँपालिकाले प्रमुख गन्तव्यका रूपमा सूचीकृत गरेको छ ।

भक्तपुरे शैलीमा निर्माण गरिएको घरहरु, टुँडिखेल, थानीमाई, तीनधारा, रानीबन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायत स्थल यहाँ आउने पर्यटकहरूको आकर्षक केन्द्रबिन्दु बन्ने गरेका छन् । रासस

# कक्षाकोठालाई वस्तुभाउबाट जोगाउन विद्यालयमा घेराबारा

**भोजपुर, ।**
यहाँको षडानन्द नगरपालिका १० रिठ्ठाबोटमा रहेको चण्डीका आधारभूत विद्यालयलाई घेराबारा गरिएपछि पठनपाठनमा सहजता भएको छ । एकान्तमा रहेको विद्यालयमा पशुचौपाया तथा मानिसहरुले उपद्रो गर्दा विद्यालयमा क्षति पुग्दै आएको अवस्थामा घेराबारा गरिएपछि सहजता भएको हो ।

विद्यालय क्षेत्रमा पशुचौपाया चराउन ल्याउदा पठनपाठनमा असहजता भइरहेको अवस्थामा घेराबाराले सहजता भएको विद्यालयका प्रधानाध्यापक प्रशुराम काफ्ले बताए । मुलबाटो छेउको विद्यालय भएकाले घेराबारा भएपछि विद्यालय सञ्चालनमा सहजता भएको उनको भनाइ छ । नजिककै हाटबजार लाग्ने भएकाले मादक पदार्थ खाएर मानिसहरु प्रबेश गरिदिँदा धेरै समस्या रहेकोमा अहिले सहजता भएको उनको भनाइ छ ।‘विद्यालयको घेराबारा नहुँदा धेरै समस्या थियो’ उनले भने,‘विद्यालयको चौरमा गाइबस्तु पसिदिँदा विद्यार्थीलाई अभ्यासमूलक शिक्षणमा समस्या हुन्थ्यो । विद्यालयमा अनावश्यक मानिसहरुको प्रवेश हुँदा शिक्षण सिकाईमा असर पुगेको अवस्था थियो । घेराबारा भएपछि विद्यालयको भौतिक सम्पतिको सुरक्षासँगै पठनपाठनमा सहजता छ ।’

घेराबारा नहुँदा विद्यालय सञ्चालनमा समस्या भएपछि वडाले .दुई लाख रुपैयाँ बजेट विनियोजन गरेर घेराबारा लगाएको वडाध्यक्ष पेमदोर्चो शेर्पाले बताए । विद्यालयसँगै विद्यार्थीको सुरक्षाको लागि अन्य कामलाई थाती राखेर विद्यालयको घेराबारा गरिएको उनले भनाइ छ ।‘वडामा सीमित बजेट हुन्छ’वडाध्यक्ष शेर्पाले भने,‘स्थानीयको माग धेरै छ । घेराबारा नुहँदा विद्यालय सञ्चालनमा समस्या भएपछि अन्य कामलाई थाती राखेर यो काम गरेका हौँ । घेराबारा गरिएपछि विद्यालय सञ्चालनमा सहजता छ ।’

वडाले स्थानीयको माग र आवश्यकताको आधारमा विकासका कामलाई अघि बढाएको उनको भनाइ छ । वडाको काममा पारदर्शिता ल्याउन वर्षभरी सञ्चालन भएका काम र भावी दिनमा हुन लागेका योजना लाई स्थानीय भेला गरेर सार्वजनिक सुनुवाईमार्फत जानकारी दिँदै आएको उनको भनाइ छ ।रासस

# चिमखोला–राहुघाट प्रशारण लाइनको परीक्षण थालियो

**म्याग्दी ।**
म्याग्दीको राहुघाट वेशिनका जलविद्युत आयोजनाबाट उत्पादित विद्युतलाई केन्द्रीय प्रणालीमा आवद्ध गराउन निर्माण भएको दुई सय २० केभी क्षमताको चिमखोला–राहुघाट प्रशारण लाइनको परीक्षण थालिएको छ ।

पैतीस मेगावाट क्षमताको चिमखोला–मंगले राहुघाट, ४८.५ मेगावाट क्षमताको माथिल्लो राहुघाट, २१.३ मेगावाटको ठूलोखोला र २३.५ मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत आयोजनाको विद्युतलाई केन्द्रीय प्रणालीमा आवद्ध गराउन चिमखोलादेखि गलेश्वर स्थित राहुघाट जलविद्युत आयोजनाको स्वीचयार्ड सम्म १३ किलोमिटर लामो प्रशारण लाइन निर्माण भएको हो ।



नेपाल विद्युत प्राधिकरण मार्फत रघुगङ्गा गाउँपालिका–३ अम्बाङमा निर्माणाधिन सवस्टेशन सम्पन्न नहुँदा सम्मको लागि अस्थायी रुपमा राहुघाटको स्वीचयार्डबाट २२० केभी क्षमताको दाना–खुर्कोट प्रशारण लाइन मार्फत केन्द्रीय प्रणालीमा विद्युत पठाउन लागिएको चिमखोला–मंगले राहुघाट र माथिल्लो राहुघाटको प्रर्वद्धक तुँदि पावरका प्रतिनिधि उपेन्द्र गौतमले जानकारी दिए ।

चिमखोला–मंगले राहुघाट र ठूलोखोला जलविद्युत आयोजनाको बाँध, सुरुङ, पेनस्टक पाइप लगायत भौतिक संरचना र विद्युतगृहका उपकरणको परीक्षण भइसकेको छ । माथिल्लो राहुघाट र माथिल्लो ठूलोखोला निर्माणको अन्तिम चरणमा छन् ।

चिमखोला देखि गलेश्वरस्थित राहुघाटको स्विचयार्ड जोड्ने प्रशारण लाइनमा विद्युत आपुर्ती गराएर परीक्षण गराउन थालिएको तुँदिका प्रतिनिधि गौतमले जानकारी दिए । परीक्षण लगत्तै केन्द्रीय प्रणालीमा विद्युत जोडिने उहाँले बताउनुभयो । चिमखोलादेखि राहुघाटसम्म ३९ टावर छन् ।

चार आयोजनाले सहकार्य गरेर एउटै प्रशारण लाइन मार्फत विद्युत आपूर्ति गर्ने संरचना बनाएका छन् । एकदेखि अर्को आयोजनाको स्वीचयार्ड सम्म सम्बन्धित आयोजना र त्यसपछि सवस्टेशनतर्फ सहकार्य गरेर प्रशारण लाइन बनाएका हुन् ।

परीक्षण शुरु भएको प्रशारण लाइनको टावर र तार नछुन तथा राहुघाट नदी किनारमा जाँदा सतर्कता अपनाउन तुँदि पावरले आज एक सार्वजनिक सूचना जारी गरेर प्रभावित क्षेत्रका बासिन्दाहरुलाई आग्रह गरेको छ । रघुगङ्गा गाउँपालिकाको ३, ४ र ७ नम्बर वडामा प्रशारण लाइन र टावर निर्माण भएको छ ।

विद्युतगृहमा पानी हाल्न थालेपछि नदीको सतह घटबढ हुने हुँदा माछा मार्ने, पौडि खेल्ने, नुहाउने, दाउरा छोप्न नदी किनारमा नजान तथा गाईबस्तु र पशुचौपाया नलैजान आयोजनाले अनुरोध गरेको हो । रासस

# खेलमा राजनीति नगर्न र एनपिएलको तयारी गर्न प्रधानमन्त्रीको निर्देशन

**ललितपुर ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले नेशनल प्रिमियर लिग (एनपिएल) को आयोजनाको तयारी अगाडि बढाउन राष्ट्रिय खेलकुद परिषद् (राखेप) लाई आग्रह गरेका छन् । राखेपद्वारा सादोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिषद्मा निर्मित ‘नेशनल हाइ पर्फमेन्स सेन्टर एण्ड स्पोर्टस साइन्स रिसर्च सेन्टर’ को उदघाटन कार्यक्रममा प्रधानमन्त्री ओलीले ‘टिम स्पिरिट’का साथ एनपिएल आयोजनाको तयारी अगाडि बढाउने काममा ध्यान दिन परिषद्लाई निर्देशन दिएका हुन् ।

नेपाल क्रिकेट सङ्घ (क्यान) ले आयोजना गर्ने दोस्रो संस्करणको एनपिएल आयोजनामा देखिएको अन्योललाई चिर्दै प्रधानमन्त्री ओलीले खेल क्षेत्रमा कुनै पनि राजनीतिक नगर्न सबैलाई आग्रह गरे ।

उनले नेपालको खेल क्षेत्र आम्दानी र व्यवसायको क्षेत्र पनि हो भन्ने स्थापित हुने स्थिति बन्दै गएको बताए ।

आफूले हालै स्पेन भ्रमणका क्रममा रियल म्याड्रिडको स्टेडियम हेरेर आएको स्मरण गर्दै प्रधानमन्त्री ओलीले दशरथ रंगलाशाको क्षमता कम भएकाले भक्तपुरको सूर्यविनायकमा कम्तीमा ५० हजार दर्शक अट्ने रंगशाला बनाउने घोषणा गरे ।प्रधानमन्त्री ओलीले १० औँ राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति अब पनि सार्ने काम भएमा राष्ट्रिय लज्जाको विषय हुने भएकाले आगामी मंसिरमा प्रतियोगता गर्न परिषद् निर्देशन दिए । आगामी मङ्सिर २ देखि ९ गतेसम्म सुर्खेतको वीरेन्द्रनगरमा १० औँ राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति तय भएको छ ।

# वीरगंज महानगरमा सार्वजनिक शौचालय नहुँदा समस्या

**वीरगंज ।**
वीरगंज महानगरभित्र पर्याप्त मात्रामा सार्वजनिक शौचालय नहुँदा सडक व्यापारी तथा सडकमा हिँड्ने बटुवाहरूलाई समस्या हुँदै आएको छ । महानगरभित्र करिब आधा दर्जन स्थानमा मात्रै सार्वजनिक शौचालय छन् । भएका सीमित शौचालयको पनि शुल्क अधिकतम हुँदा सर्वसाधारणलाई समस्या हुँदै आएको हो । अधिकांशले सार्वजनिक शौचालयभन्दा पनि खुला स्थानमा शौच गर्दै आएका छन् । वीरगंजको घण्टा घरचोकसँगै सार्वजनिक शौचालय छ । पैसा नभएको बाहाना गरेर अधिकांश पुरुषहरू भने खुला रूपमा जथाभावी शौच गर्ने प्रवृत्ति देखिएको छ । घण्टाघरको सार्वजनिक शौचालयमा पिसाब फेरेको १०, दिसा गरेको १५ र नुहाउनेका लागि ४० रुपैयाँ शुल्क तोकिए पनि सर्वसाधारण पैसाको अभाव देखाउँदै प्रयोग गर्दैनन् । वीरगंजको बिपी उद्यानस्थित खुला हाट व्यापारमा व्यापार गर्ने र सरसमान खरिद गर्न आउने पुरुष ग्राहकहरू खुला शौच गर्दै आइरहेका प्रकृति सेवा प्रतिष्ठान नेपालका अध्यक्ष जसपाल सिंहले बताए । मिनाबजारमा अवस्थित नेपाल टेलिकमको महसुल काउन्टरको पर्खालमा पनि खुला शौच गर्नेको घुइँचो देखिन्छ । अहिलेसम्म पनि महानगर प्रहरीले सडक छेउछाउमा शौच गर्नेलाई सचेतना जगाउने तथा बानी सुधार्ने प्रयास गरेको छैन । प्रतिष्ठानका अध्यक्ष सिंहले वीरगंज महानगरमा पर्याप्त मात्रामा सार्वजनिक तथा घुम्ती शौचालय नहुँदा सडक छेउछाउमा खुला रूपमा पिसाब फेर्ने प्रवृत्ति अझैसम्म नरोकिएको गुनासो गरे । 'यहाँ जहाँ पायो त्यहीँ थुक्ने र पिसाब फेर्ने बानी अधिकांशमा छ', उनले भने, 'यस्ता गतिविधिले वीरगंजलाई फोहर र दुर्गन्धित बनाउँदै आइरहेको छ ।' अध्यक्ष सिंहले वीरगंज महानगरमा पटकपटक सुलभ र घुम्ती शौचालय व्यवस्थापनको लागि माग राख्दै आए पनि अहिलेसम्म सुनुवाइ नभएको गुनासो गरे । प्रतिष्ठानले वीरगंज महानगर प्रमुखमा राजेशमान सिंह निर्वाचित भएर आएपछि पनि विसं २०७९ जेठ १५ वीरगंजका सार्वजनिक सरोकारका २३ बुँदे सुझावसहित सुलभ र घुम्ती शौचालय आवश्यकता भएको भन्दै ध्यानाकर्षण गराएको थियो ।

'महानगरमा सार्वजनिक शौचालय पर्याप्त नहुँदा खुलमखुला शौच गरिरहेको दृश्य देख्नुपर्दा लाजैमर्दो हुन्छ', उनले भने, 'यहाँ सुलभ शौचालय, घुम्ती शौचालय (पिसाब फेर्नका लागि) तुरुन्त व्यवस्थापन तथा त्यसको दैनिक यथोचित सरसफाई गर्न आवश्यक भइसकेको छ ।'

ग्रिनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले विगत केही वर्षअघि वीरगंजलाई खुला दिशामुक्त महानगर घोषणा गरेपनि कार्यान्वयन फितलो रहेको गुनासो गरे । 'पर्याप्त मात्रामा सार्वजनिक शौचालय नहुँदा पनि खुला ठाउँमा शौच गरिरहेको दृश्य देखिन्छ', उनले भने, 'सार्वजनिक शौचालय बनाएर सो प्रवृत्तिको अन्त्य गर्न जरुरी छ ।' महानगरका सरसफाइ व्यवस्थापन शाखा प्रमुख सर्फुदिन मियाँले महानगरमा करिब आधा दर्जन बढी स्थानमा सार्वजनिक शौचालय रहेको जानकारी दिए । उनका अनुसार घण्टाघर, पुरानो बसपार्क, नयाँ बसपार्क, लक्ष्मणवाचोकलगायत स्थानमा शौचालय छन् । 'यहाँको पावरहाउस चोकमा सार्वजनिक शौचालय निर्माण भइरहेको छ', उनले भने । रासस

# पोखरियाले ल्यायो ४४ करोड ४० लाखको बजेट



**राजन कुमार बानिया**
**वीरगंज ।**
पर्साको पोखरिया नगगरपालिकाको नवौं नगरसभाको दोस्रो बैठकको बन्दसत्र बिहीबार सम्पन्न भएको छ ।
बन्दसत्रबाट उपमेयर रुबी ठाकुरले आगामी आर्थिक वर्षका लागि ४४ करोड ४० लाख २७ हजार ४४८ सय ५८ रुपैयाँको बजेट प्रस्तुत गरेपछि बजेट सर्वसम्मत पारित गरिएको छ । पोखरिया नगरपालिकाले ल्याएको नीति तथा कार्यक्रम र बजेटमा शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकासलाई विशेष प्राथमिकता दिइएको प्रमुख प्रशासकीय अधिकृत रामविनय सिंहले बताए । मेयर प्रदुमन प्रसाद चौहानको अध्यक्षतामा आयोजित नगर सभामा उपमेयर रुबी ठाकुर , प्रमुख प्रशासकीय अधिकृत रामविनय सिंह, वडाध्यक्ष प्रमोद गिरी, केदार प्रसाद, महेन्द्र महतो, लक्ष्मण साह कानु, सियानन्द चौहान, परमानन्द पटेल, नौसाद आलम, सोनालाल साह, किशोरी साह, कार्यपालिका सदस्यहरु, वडासदस्य, कर्मचारी पत्रकार, सुरक्षाकर्मी लगायतकाहरुको पनि सहभागिता रहेको थियो ।

# धनुषाका आशिषले नेपालको गणित प्रतिभा विश्वमा चिनाउने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपालका एक होनहार किशोर गणितज्ञ आशिष मिश्रले देशको शैक्षिक इतिहासमा नयाँ कीर्तिमान राखेका छन् । धनुषाको औरही गाउँपालिका–२ परवाहाका १९ वर्षीय मिश्रले अस्ट्रेलियाको क्विन्सल्याण्डस्थित सनसाइन कोस्टमा आयोजना हुने ६६औँ अन्तर्राष्ट्रिय गणित ओलम्पियाडमा नेपालको प्रतिनिधित्व गर्दैछन् । मिश्रसहित नेपालको टोलीमा श्रेयश शर्मा बास्तोला (काठमाडौं), आयुष ठगुन्ना (दार्चुला), ड्रोन चौधरी (बारा), नमन महेश्वरी (मोरङ) र अयाम आचार्य (ललितपुर) सहित पाँच विद्यार्थी छन् । उनीहरूलाई गणित संघ नेपालले आयोजना गरेको कडा प्रतिस्पर्धात्मक छनोट प्रक्रियाबाट छानिएको हो ।




अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सहभागिता जनाउन प्रस्थान गर्नु अघि आशिषलाई मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले विशेष सम्मान प्रदान गरेका थिए । यो सम्मान उनलाई अप्रिल २१ देखि २६ सम्म तुर्कमेनिस्तानको अश्गाबातमा सम्पन्न दोस्रो अन्तर्राष्ट्रिय गणित ओलम्पियाडमा कांस्य पदक जितेको उपलक्ष्यमा प्रदान गरिएको थियो । उनले उक्त प्रतियोगितामा पदक जित्दै नेपालको तर्फबाट अन्तर्राष्ट्रिय गणित ओलम्पियाडमा पदक जित्ने पहिलो विद्यार्थी बन्ने गौरव प्राप्त गरेका थिए । मुख्यमन्त्री सिंहले भने, 'तपाईंको यो उपलब्धिले मधेश प्रदेशको मात्र नभई सम्पूर्ण नेपालको गौरव बढाएको छ । तपाईं युवा पुस्ताको प्रेरणाका स्रोत बन्नुभएको छ । अन्तर्राष्ट्रिय मञ्चमा प्रतिस्पर्धा र सफलता प्राप्त गर्न तपाईंकहाँ जुन आत्मविश्वास, लगनशीलता र मेहनत छ त्यो अनुकरणीय छ ।'

तुर्कमेनिस्तानको प्रतियोगितामा ३० भन्दा बढी देशका ३०० भन्दा बढी विद्यार्थी सहभागी भएका थिए । नेपालका तर्फबाट सहभागी अन्य विद्यार्थी थिए आयुष ढुङ्गाना (दार्चुला), आयुष मरासिनी (गुल्मी), सुहित ढुङ्गाना (भक्तपुर), प्रकाश आचार्य (काठमाडौं) र शुभम श्रेष्ठ (काठमाडौं) । टोलीको नेतृत्व गणित संघ नेपालकी सहकोषाध्यक्ष डा. सरस्वती आचार्यले गरेकी थिइन् भने धर्मेन्द्रकुमार यादवले प्राविधिक प्रशिक्षकको भूमिका निभाएका थिए । नेपालबाट अस्ट्रेलिया जाने टोलीको बिदाइ कार्यक्रम काठमाडौँको दिव्य कलेज अडिटोरियम, तीनकुनेमा आयोजना गरिएको थियो । कार्यक्रममा गणित संघका महासचिव छवि ढुङ्गानाले भने, 'आशिष मिश्र एक अनुशासित, मिहेनेती र प्रतिभाशाली विद्यार्थी हुन् । उनको सफलताले सम्पूर्ण नेपालीलाई गौरवान्वित बनाएको छ ।' नेपालको प्रतिभालाई विश्व मञ्चमा चिनाउने अवसर पाएका मिश्रले अब अस्ट्रेलियामा विश्वका उत्कृष्ट ३०० गणित विद्यार्थीहरूसँग प्रतिस्पर्धा गर्नेछन् ।

# उत्कृष्ट विद्यार्थी र शिक्षक सम्मानित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
यस वर्ष मधेश प्रदेशभर माध्यमिक शिक्षा परीक्षा (एसईई) को समग्र नतिजा कमजोर देखिए पनि जनकपुरधामस्थित याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय (ज्ञानकूप) ले भने उल्लेखनीय सफलता हासिल गरेको छ । विद्यालयले साधारण र प्राविधिक दुवै धारामा प्रभावशाली नतिजा ल्याएको हो । साधारण शिक्षातर्फ २१५ मध्ये १४६ विद्यार्थी (६८.८२ प्रतिशत) उत्तीर्ण भएका छन् भने प्राविधिक धारामा ४७ मध्ये ४६ विद्यार्थी (९७.८७ प्रतिशत) ले परीक्षा पास गरेका छन् । संस्कृत धारातर्फको नतिजा भने अपेक्षितभन्दा कमजोर देखिएको विद्यालयले जनाएको छ । ४५ जना सहभागीमध्ये केवल ५ जना मात्र उत्तीर्ण भएका छन् । विद्यालयका सहायक प्रधानाध्यापक सोमप्रसाद भट्टराईले पाठ्यक्रमको जटिलता र ग्रेड वृद्धि प्रक्रियाका कारण नतिजा प्रभावित भएको बताउँदै ग्रेड वृद्धि परीक्षापछि सफलता दर बढ्ने विश्वास व्यक्त गरे । विद्यालयले उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी र मेहनती शिक्षकहरूलाई एक विशेष कार्यक्रममा सम्मान गरेको छ । कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले प्रमाणपत्रसहित विद्यार्थी तथा शिक्षकलाई सम्मान गरे । नगरप्रमुख साहले विद्यालयले देखाएको सफलता प्रशंसनीय भएको उल्लेख गर्दै नगरपालिकाबाट पूर्वाधार विकासमा थप सहयोग गरिने प्रतिबद्धता जनाए । कार्यक्रममा शिक्षा विकास निर्देशनालय, मधेशका निर्देशक महेन्द्र महतोले कक्षा ११ र १२ मा अध्ययनरत जेहेन्दार तथा दलित विद्यार्थीहरूका लागि प्रदेश सरकारले आगामी शैक्षिक वर्षका लागि १ करोड ५० लाख रुपैयाँ छात्रवृत्ति कार्यक्रमका लागि विनियोजन गरिसकेको जानकारी दिए ।

# सर्वोच्चको आदेशले वृन्दावनको नगरसभा फेरि स्थगित

**मधेशदृष्टि**
**रौतहट ।**
सर्वोच्च अदालतले वृन्दावन नगरपालिकालाई बजेट अधिवेशन तत्काल नगर्न आदेश दिएपछि नगरसभा पुनः स्थगित गरिएको छ । नगर उपप्रमुख संगीता देवी रामले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चले बिहीबार अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो । यसअघि असार १० मा बोलाइएको नगरसभा पनि उच्च अदालत जनकपुरको वीरगंज इजलासको आदेशमा स्थगित गरिएको थियो । त्यसपछि असार १३ मा सो आदेश खारेज हुँदै कानुनअनुसार नगरसभा गर्न बाटो खुलेको थियो । सोही निर्णयअनुसार बिहीबार नगरसभा आह्वान गरिएको थियो । तर, स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७ अनुसार योजना तर्जुमा




समिति र कार्यपालिका बैठकको प्रक्रिया नपुर्याई नगरसभा बोलाइएको भन्दै उपमेयर रामले सर्वोच्चमा रिट दायर गरेकी थिइन् । अदालतले बजेट तयार गर्ने तर्जुमा समितिको प्रक्रिया, त्यसपछि कार्यपालिका बैठकमा पेस, अनि मात्र नगरसभामा प्रस्तुति हुनुपर्ने कानुनी प्रावधान औंल्याउँदै नगरपालिकालाई नगरसभा नगर्न आदेश दिएको हो । सर्वोच्चको आदेशमा भनिएको छ, 'कानुनविपरीत नगरसभा बोलाउने कार्य वैध मानिने छैन, तसर्थ कानुनी प्रक्रिया पूर्ण गरी मात्र असार मसान्तभित्र नगरसभा सम्पन्न गर्नुपर्छ ।' यससँगै असार १९ गते बसेको नगर कार्यपालिकाको बैठकले तय गरेको असार २६ गतेको नगरसभा पनि स्थगित भएको छ । आगामी आर्थिक वर्षको बजेट तथा वार्षिक कार्यक्रम असार मसान्तभित्रै पारित गर्नुपर्ने बाध्यकारी व्यवस्था रहेकोले नगरपालिकाले अब कानुनी प्रक्रिया पुरा गरी समयमै नगरसभा गर्नुपर्ने हुन्छ ।

# मधेश प्रदेश प्रहरीको नक्कली फेसबुक पेज सक्रिय

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधामको नाम, लोगो र परिचय दुरुपयोग गरी नक्कली फेसबुक पेज बनाएर भ्रामक सामग्री सार्वजनिक गरिएको पाइएको छ । प्रहरी कार्यालयले एक प्रेस विज्ञप्ति जारी गर्दै यस्ता नक्कली पेजप्रति सतर्क रहन आम नागरिकलाई आग्रह गरेको छ । प्रहरीका अनुसार, कार्यालयको आधिकारिक फेसबुक पेज मार्फत मात्र सूचना, गतिविधि र जानकारी सार्वजनिक गरिन्छ । तर, पछिल्लो समय सोही नाम र लोगोको दुरुपयोग गर्दै 'मधेश पुलिस जनकपुरधाम' नामक नक्कली पेज सञ्चालनमा ल्याइएको छ । यसबाट नेपाल प्रहरीको पहिचानमा आधारित भ्रामक हल्ला तथा अफवाहहरू फैलाइएको छ । प्रहरीले यसलाई गम्भीर साइबर अपराधको प्रयास मानेको छ । यसबारे अनुसन्धान थालिएको जनाएको छ । 'नक्कली पेजमार्फत फैलाइएका सामग्रीहरूमा लाइक, कमेन्ट वा शेयर नगर्न आम सर्वसाधारणलाई हार्दिक अनुरोध गर्दछौं,' विज्ञप्तिमा उल्लेख छ । प्रहरीले आधिकारिक फेसबुक पेज 'मधेश प्रोभिन्स पुलिस अफिस, जनकपुरधाम' भएको स्पष्ट गर्दै त्यही माध्यमबाट मात्र प्रहरीका आधिकारिक सूचना तथा गतिविधिहरू सार्वजनिक हुने जानकारी दिएको छ । साथै, यस्ता नक्कली पेज सञ्चालन गर्ने व्यक्तिको पहिचान गरी कानुनी कारबाही अघि बढाइने बताउँदै प्रहरीले साइबर सुरक्षामा आम नागरिकको सहकार्यको अपेक्षा गरेको छ ।

# सप्तरीको मलेठमा आगलागी तीन घर जलेर नष्ट

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको राजविराज नगरपालिका–९ स्थित मलेठमा बिहीबार बिहान भएको आगलागीमा ठूलो धनमाल जलेर नष्ट भएको छ । स्थानीय पुलकित खंगको घरमा बिहान करिब १० बजे अचानक आगलागी हुँदा तीनवटा घरसहित नगद, अन्नपात, लत्ताकपडा र भाडाकुडा गरी करिब २ लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको हो । सप्तरीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक गौतमकुमार केसीका अनुसार घरको भान्सामा खाना पकाउने क्रममा चुलोबाट अचानक आगो सल्किएर आगलागी फैलिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।



आगलागीले खंगको घर पूर्णरूपमा नष्ट गर्नुका साथै नगद ४० हजार, घरभित्र रहेका भाडाकुडा, अन्नपात, लत्ताकपडा र काठसमेत जलेर नष्ट भएको हो । प्रहरी, स्थानीयबासी र राजविराजबाट खटिएको दमकलको सहायतामा आगो नियन्त्रणमा लिइएको सप्तरीका प्रहरी प्रवक्ता डीएसपी जितेन्द्रकुमार बस्नेतले जानकारी दिए । घटनाबाट मानविय क्षति भने नभएको र थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

आगलागीपछि प्रभावित परिवारलाई तत्काल राहतको व्यवस्था गर्न स्थानीय तहसँग समन्वय गरिने जनाइएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन